Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १८, अंक- ९, २०८२ साल असोज ७ गते मंगलबार (September 23, 2025) www.janaakash.com.np



जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com


# नवरात्रको लागि सिगारिए शक्तिपीठहरु

■ मोहन कार्की

काठमाडौं- यहि असोज ६ गतेवाट नवरात्र शुरु हदैछ । नेपालीहरुको महान पर्वको रुपमा मनाईने वडा दशैको शुरुवाट आजकै दिन अर्थात नवरात्र शुरु हुने भएपछि काठमाडौं उपत्यकाका शक्तिपीठ सिँगार्न थालिएको छ । काठमाडौं उपत्यकाका नक्साल भगवती, मैतीदेवी, कालिकास्थान, शोभाभगवती, रक्तकाली, श्वेतकाली, बिजेश्वरी, चामुण्डामाई लगायत शक्तिपीठहरू सिगारेर झिलीमिली पारिएको छ ।

एक साताअघिदेखि यी मन्दिरहरु सिँगारिँदै आएको देखिन्छ । आश्विन शुक्ल प्रतिपदादेखि आश्विन शुक्ल नवमीसम्मका नौ रातलाई ‘नवरात्र’ भनिन्छ । नवरात्रमा काठमाडौं उपत्यकासहित देशभरका शक्तिपीठमा भक्तजनको घुइँचो लाग्ने गर्दछ । मैतीदेवी मन्दिर क्षेत्रमा नवरात्रको सबै तयारी पूरा भएको मन्दिर क्षेत्र प्रबन्ध समितिको अध्यक्षसमेत रहेका काठमाडौं महानगरपालिका-३० का वडाध्यक्ष दलबहादुर कार्कीले जानकारी दिए ।

नवरात्रका अवसरमा शक्तिपीठमा गई पूजा आराधना एवं दर्शन गरेमा मनोकामना पूरा हुने धार्मिक विश्वास रहेको छ । यस



अवसरमा घरघरमा घटस्थापनासहित जमरा राखेर नवदुर्गाको पूजा आराधना एवं दुर्गासप्तशती (चण्डी), श्री मद्देवी भागवत लगायत देवी स्तोत्र पाठ गरिन्छ । यस वर्षको नवरात्र असोज ६ गते सोमबारदेखि सुरु हुँदैछ । असोज १५ गते बुधबारसम्म नवरात्र रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले स्वीकृति दिएका पात्रोमा उल्लेख छ ।

नवरात्रभर पूजा, आराधना गरिएको देवीको प्रसाद असोज १६ गते विजयादशमीदेखि आश्विन शुक्ल पूर्णिमाका दिनसम्म ग्रहण गरिन्छ । विजयादशमीका दिनदेखि मान्यजन कहाँ टीका, प्रसाद एवं आशीर्वाद थाप्ने प्रचलन रहेको छ । देशमा जतिसुकै संकट आउदा समेत नेपालीहरुले विजयाँ दशमीलाई नेपालीहरुको सदभावको पर्वको रुपमा मनाउदै आएका छन् ।

# हनुमानढोका दरबारस्थित दसैं घरमा जमरा राखी पूजाआराधना सुरू

काठमाडौं- काठमाडौंको बसन्तपुरस्थित हनुमानढोका दरबारमा रहेको दसैं घरमा वैदिक विधिअनुसार जमरा राखी शक्तिस्वरूपा दुर्गा देवीको पूजाआराधना सुरू भएको छ । सोमबार बिहान ९: १३ बजेको शुभ साइतमा घटस्थापना गरिएको हनुमानढोका दरबार हेरचाह अड्डाका



कार्यालय प्रमुख काजीमान प्याकुरेलले बताएका छन् ।

# कर्मचारीले घुस मागे अब सिधै अर्थमन्त्रीलाई इमेल



काठमाडौं- अर्थ मन्त्रालय अन्तर्गतका नियामक निकायमा कार्यरत कर्मचारीले घुस मागे अब सिधै अर्थमन्त्रीलाई गुनासो गर्न सकिने भएको छ ।

अर्थमन्त्री रामेश्वर खनालको इमेल रामेश्वर एट एमओएफ डटजीओभी डटएनपी वा गुनासो एट एमओएफ डटजीओभी डटएनपीमा इमेल गरेर गुनासो टिपाउन सकिने » बाकी ६ पृष्ठमा

# जनजीवन सामान्य बनाउन भूमिका खेल्न सरोकारवालालाई आयोगको अपील




काठमाडौं- राष्ट्रिय मानव अधिकार आयोगले जनजीवन सामान्य बनाउँदै नागरिक अधिकारको प्रत्याभूति गर्न सरोकारवालासँग अपील गरेको छ ।

सोमबार एक विज्ञप्ति जारी गर्दै आयोगले जेनजी आन्दोलनपछि मुलुकमा विकसित परिस्थितिलाई ध्यान दिँदै जनजीवन सामान्य बनाउन भूमिका खेल्न तीनै तहका सरकारसहित सरोकारवालाको ध्यानाकर्षण गराएको हो । जेनजी आन्दोलनका क्रममा सार्वजनिक र निजी सम्पत्रि तथा राज्यका विभिन्न संरचनामा भएको क्षतिले शान्तिसुरक्षामा गम्भीर चुनौती खडा गरेको आयोगको ठहर छ ।

आयोगले अहिलेको परिस्थिति संवदेनशील रहेको उल्लेख गर्दै संयमित आचरण, सहकार्य र एकीकृत योगदानका लागि सबै सरोकारवालालाई अपील गरेको छ ।

जेनजी आन्दोलनका क्रममा भएको क्षति भएका प्रशासनिक तथा आवश्यक पूर्वाधारको पुनस्संरचना एवं मर्मतसम्भारमा आवश्यक बजेट र स्रोत साधनको व्यवस्था गर्नुपर्ने आवश्यकता आयोगले औंल्याएको छ । ‘विकसित परिस्थितिमा सार्वजनिक सुरक्षा, कानूनको शासन र दैनिक अत्यावश्यक सार्वजनिक सेवा प्रवाह, न्याय, स्वास्थ्य, शिक्षा, सुरक्षा, सञ्चार, प्रशासनिक सेवासमेत) लाई प्रभावकारी बनाउन विशेष ध्यान दिनुपर्ने देखिन्छ,’ आयोगका सहसचिव एवं प्रवक्ता डा । टीकाराम पोखरेलले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।


# दशैं मनाउन राजधानीबाट पाँच दिनमा एक लाख ८० हजार यात्रु बाहिरिए

काठमाडौं- मुलुकको संघीय राजधानी काठमाडौँबाट चाडपर्व मनाउनका लागि पछिल्लो पाँच दिनमा एक लाख ८० हजार २१८ यात्रु बाहिरिएका छन् । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार असोज १ गतेदेखि ५ गतेसम्म २० हजार ३६० सार्वजनिक यातायातमा एक लाख ८९ हजार २१८ यात्रु उपत्यकाबाट बाहिरिएका हुन् ।

कार्यालयका प्रहरी नायब उपरीक्षक लोकेन्द्रसिंह गुरुले



देशका विभिन्न क्षेत्रबाट काठमाडौँ उपत्यकामा अध्ययन, व्यापार व्यवसाय, रोजगारीको लागि आएकाहरू दसैं मनाउन घर जान थालेको जानकारी दिए । उनका अनुसार थानकोट, साँगा, दक्षिणकाली र बालाजु नाकाबाट ती यात्रुहरू » बाकी ६ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ९,
२०८२ साल असोज ७ गते मंगलबार
23 SEPTEMBER 2025, TUESDAY

'मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

# विजया दशमीको मुखमा काला बजारी कसैले नगरौ ।

नेपालमा सवैभन्दा ठूलो र महत्वपूर्ण पर्वको रूपमा मनाईने पर्व विजया दशमी हो । यो समयमा नेपालको अन्य ११ महिनामा हुने व्यापार भन्दा ९० गुणा बढी यो एक महिनाको समयमा किनमेल हुने विगतका आकाडाले देखाउदै आएको छ । यसै समयमा कतिपय ब्यापारको नाममा काला बजारी गरेर गलत काम गर्ने गरेको उदारण पनि छन् । त्यस्ता गलत ब्यापार अर्थात काला ब्यापारीहरूले उपभोक्तालाई ठगी गरेको कमसल सामान बेचेको, गुणस्तरहिन सामग्री झुक्याएर बेचेको जस्ता प्रमाणको आधारमा नेपाल प्रहरीले पक्राउ गरी त्यस्ता गलत कार्य गर्नेहरूलाई कारवाही गरेको छ ।

त्यसकारण नेपालीहरूको महान पर्व विजयाँ दशमी सवैको पर्व भएको हुनाले यस पर्वलाई सवैले उत्तिक्कै महत्व दिएर असल सोच राखेर असल ब्यापार गरेर हासी खुशी सवै नेपालीले पर्व मनाउन भन्ने उद्देश्य राख्नु पर्दछ । यस पर्वलाई ध्यानमा राखेर सम्बन्धित निकायहरू पनि उत्तिक्कै चनाखो हुनुपर्छ । त्यसैगरी उपभोक्ताहरू पनि चनाखो हुनुपर्छ । कतै बजार मूल्य अस्वभाविक लागेको खण्डमा त्यस बस्तु किनेको विल पमाणपत्र लिएर सम्बन्धित निकायलाई गोप्य जानकारी दिनुपर्दछ ।

सकेसम्म नेपालीहरूले हामी नेपालीहरूको महत्वपूर्ण पर्व भएको वेलामा यस्ता खराब भावना कतै राख्नु नै हुदैन । सवै नेपाली हामीहरू एकै हौ यस्तो वेलामा गलत काम कसैले गर्नुहुदैन । गलत काम गलत व्यवहार त कुनै वेलापनि गर्नुहुदैन । झनै नेपालीहरूको महान पर्वको नजिकै त अज्झै धेरै असल काम गरेर सवैको उन्नति प्रगति हुने कामहरू गरेर नव दुर्गा भवानीको आर्शिवाद लिन सक्नुपर्छ ।

त्यसकारण यस्तो महत्वपूर्ण समयमा कसैले पनि काला बजारी गर्ने काम नगरौ यस्ता कसैले गरेको थाहा पाए सवै मिलेर कारवाही गरौ । नेपाली पर्वलाई भड्किलो नबनाऔ । गछ अनुसार हासीखुशी मनाऔ ।

# भू-राजनीतिक खेलमा नेपाल



● दीपक रिजाल

**७० वर्ष लामो संघर्षपछि स्थापित भएको लोकतन्त्र केही घन्टाको अराजकताले ध्वस्त भएको दृश्यले मुलुकलाई स्तब्ध बनाएको छ । दलका नेताहरू पानीले भिजेको मुसोझैँ प्वालबाट हेर्न मात्र बाध्य भएका छन् । विदेशी शक्तिहरूलाई खेल्ने ठाउँ दलहरूले नै बनाइदिए । अहिले प्रश्न उठ्छ– दलका नेताहरू आफ्नो कुकर्म सम्झेर पश्चात्ताप गर्छन् कि अझै विदेशी शक्तिको खेलमा शकुनि बन्ने धुनमा लाग्छन् ? तर यसबीच, सेनाको निर्णायक भूमिकाले मुलुकलाई थप दुर्घटनाबाट बचाएको छ भन्नेमा भने धेरैले सहमति जनाएका छन् ।**

नेपाल भौगोलिक दृष्टिले दुई ठूला शक्तिशाली राष्ट्र भारत र चीनबीच अवस्थित मुलुक हो । यसको भौगोलिक अवस्थाले गर्दा नेपाल सधैँ भू-राजनीतिक खेलको केन्द्रमा रहँदै आएको छ । भारत र चीनबीचको व्यापारिक तथा सुरक्षा प्रतिस्पर्धा, अमेरिकाजस्ता शक्तिशाली मुलुकको रणनीतिक चासो र दक्षिण एसियाली भू-राजनीतिक समीकरणहरूले नेपाललाई निरन्तर दबाबमा पारेको छ ।

नेपालको राजनीतिक संक्रमणकालीन अवस्थालाई बाह्य शक्तिहरूले आफ्नो हितअनुसार प्रयोग गर्ने गरेका तथ्यहरू प्रस्ट छन् । कहिले लोकतन्त्र र मानवअधिकारको नाममा, कहिले विकास सहायताको बहानामा त कहिले सुरक्षा चिन्ताको आवरणमा विभिन्न बाह्य हस्तक्षेपहरू हुने गरेका छन् । नेपालमा देखिने राजनीतिक अस्थिरता, असफल शासन प्रणाली र कमजोर कूटनीतिक रणनीतिले पनि यी भू-राजनीतिक खेललाई अझै सहज बनाएको छ ।

नेपालले विगतमा भारतसँगको विशेष सम्बन्धलाई सन्तुलनमा राख्न चीनसँग निकटता बढाउने रणनीति लिएको पाइन्छ । त्यस्तै, चीन-भारत प्रतिस्पर्धामा अमेरिका, युरोपेली मुलुक र खाडी राष्ट्रहरूले पनि नेपाललाई आफ्नो प्रभावक्षेत्रमा राख्ने प्रयास गरेका छन् । उदाहरणका लागि, एमसीसी सम्झौतादेखि बीआरआईसम्मका विषयमा नेपालभित्र विवाद हुनुको मूल कारण नै बाह्य शक्तिको प्रतिस्पर्धा हो ।

यस्तो अवस्थामा नेपाली सेनाको भूमिका विशेष महत्वपूर्ण देखिन्छ । सेना केवल भौतिक सुरक्षामा मात्र सीमित नभई राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताको संरक्षक हो । विदेशी शक्ति खेलमा नेपाललाई अस्थिर बनाउने, आन्तरिक द्वन्द्व चर्काउने वा भूराजनीतिक प्रतिशोधका लागि प्रयोग गर्ने सम्भावनाहरू विगतमा अनेक पटक देखिएका छन् । तर सेनाले यस्ता अवस्थाको सूक्ष्म मूल्यांकन गर्दै रणनीति नलिएको भए देश अझै गहिरो संकटमा पुग्ने थियो । यदि सेनाले स्थिति बुझेर राष्ट्रिय हितका आधारमा आफ्नो रणनीति तयार नगरेको भए नेपाल विदेशी शक्तिको खेल मैदान मात्र बन्न सक्थ्यो, आन्तरिक द्वन्द्व फेरि चर्कन सक्थ्यो, मुलुकको राजनीतिक स्थिरता अझै बिग्रने थियो र दीर्घकालमा नेपाल आफ्नो स्वतन्त्र पहिचान गुमाउने खतरामा पर्थ्यो ।

नेपाली सेनाले सीमाक्षेत्रको सुरक्षा, प्राकृतिक विपद् व्यवस्थापन, शान्ति स्थापनामा भूमिका र कूटनीतिक सन्तुलनमा पनि योगदान दिएको छ । भारत-चीनबीच तटस्थताको नीति लिँदै, अमेरिकाजस्ता शक्तिहरूको प्रस्तावलाई सावधानीपूर्वक मूल्यांकन गर्दै, आन्तरिक सुरक्षा संयन्त्रलाई बलियो बनाउन सेनाले गरेको रणनीतिक हस्तक्षेपले नेपाललाई ठूलो दुर्घटनाबाट जोगाएको छ भन्ने बुझिन्छ ।

यसरी हेर्दा, नेपाल भू-राजनीतिक खेलको केन्द्रमा रहिरहने निश्चित छ । तर यो खेलमा नेपाल केवल भूगोलका आधारमा मात्र होइन, रणनीतिका आधारमा पनि सक्षम खेलाडी बन्न सक्ने क्षमता राख्छ । त्यो सम्भव हुनका लागि राजनीतिक नेतृत्वको दृढता, कूटनीतिक दूरदर्शिता र राष्ट्रिय सुरक्षा नीतिको स्पष्टता अपरिहार्य छ । सेनाले अझै राष्ट्रिय हितलाई सर्वोपरि राखेर आफ्ना रणनीतिहरूलाई अद्यावधिक गर्दै जानुपर्छ ।

भू-राजनीतिक शक्तिको प्रतिस्पर्धामा नेपाललाई अस्थिर बनाउने खतरा सधैँ रहन्छ । तर सेनाले सावधानीपूर्वक मूल्यांकन गर्दै आफ्नो रणनीति नलिएको भए मुलुक अझ गम्भीर संकटमा पुग्ने थियो भन्ने यथार्थलाई अस्वीकार गर्न सकिँदैन । त्यसैले, राष्ट्रिय हित र सार्वभौमिकताको रक्षा गर्ने प्रमुख निकायको रूपमा सेनाको भूमिकालाई अझ सुदृढ र सक्षम बनाउन राज्य र समाज दुवैले निरन्तर सहयोग गर्न आवश्यक छ ।

नेपाललाई 'असफल राष्ट्र' को रूपमा चिनाउने, यहाँको राजनीतिलाई अस्थिर राख्ने र समाजलाई विभाजित गर्ने प्रयास लामो समयदेखि भइरहेको छ । त्यसका लागि नेपालभित्रका असन्तुष्ट वर्गदेखि लिएर विदेशमा पलायन भएका नेपाली भाषी समूहसम्मलाई प्रयोग गरिएको देखिन्छ ।

नेपालमा जुनसुकै सरकार आए पनि राजनीतिक दलहरूले जनताको पक्षमा काम गर्ने वातावरण सिर्जना गर्न सकेनन् । संसदीय व्यवस्थामा हुने-नहुने सबै प्रयोग भइसकेका छन् । संसदीय बहुमत, गठबन्धन सरकार, प्रत्यक्ष जनादेश, आन्दोलनपछि बनेको अन्तरिम संरचना सबै अनुभूत भए । तर जनताले खोजेको स्थायित्व, सुशासन र विकास भने कहिल्यै भेटेनन् । ग्लोबल डिप-स्टेट भनिएका शक्ति संरचनाहरू लामो समयदेखि नेपालमा सत्ता उलटफेरमा सक्रिय थिए भन्ने विश्लेषण अहिले आएर प्रमाणित भएको छ । उनीहरूले आफ्नै लगानीमा स्वतन्त्र युवाहरूलाई जन्माउने, तिनलाई सामाजिक सञ्जालमार्फत प्रभावशाली बनाउने र शासकहरूको विरुद्धमा जनमत खडा गर्ने काम गरेका छन् । एक-एक स्टाटस वा भिडियोमार्फत लाखौँ सेयर, कमेन्ट हुने युवाहरूले मुलुकको असन्तोषलाई थप चर्काउँदै लगे । युवाहरूले उठाएका मुद्दा- नेताका छोराछोरी विदेश सयरमा व्यस्त, दलहरूले अर्बौं रुपियाँ लुटे, देश बर्बाद बनाएजस्ता कुरा केही हदसम्म सत्य पनि थिए । तर यिनै मुद्दा पश्चिमी शक्तिहरूको हितमा पनि प्रयोग भए ।

यसै पृष्ठभूमिमा 'जेनजी आन्दोलन' नामक आन्दोलन भयो, जसले भदौ २४ गतेदेखि देशैभर अराजकता मच्चायो । राजधानीदेखि ग्रामीण क्षेत्रसम्म आगजनी, लुटपाट र तोडफोडको लहर चल्यो । प्रहरी तथ्यांकअनुसार १६८ प्रहरी चौकी ध्वस्त भए भने २१९ चौकी आंशिक क्षतिग्रस्त भए । सरकारी कार्यालय, नेताहरूका निजी आवास र सार्वजनिक सम्पत्तिमा अकल्पनीय क्षति पुग्यो । ७४ जनाको ज्यान गयो, जसमा ६१ आन्दोलनकारी, ३ प्रहरी र १० कैदी थिए ।

यस आन्दोलनमा संलग्न भएर लुटपाट मच्चाउनेमध्ये ८५ प्रतिशत अराजकतावादीहरूको प्रहरीले पहिचान गरिसकेको छ । तर गृह मन्त्रालयको आदेश नआउँदा कारबाही अगाडि बढ्न सकेको छैन । यसबीच, आन्दोलनमा संलग्न केही व्यक्तिहरू भारततिर भागेका छन् भने कतिपय पुनः पुनर्निर्माण अभियानमा समाजसेवीका रूपमा प्रस्तुत हुन थालेका छन् ।

२३ गते संसद् भवन क्षेत्रमा भएको घटनामा प्रहरीले संयमता अपनाउन नसकेको, गोली प्रहारमै ठूलो क्षति भएको विश्लेषण गरिएको छ । यही घटनाले देशमा ठूलो विस्फोट निम्त्याएको मानिन्छ । आन्दोलन नियन्त्रण गर्नुपर्ने प्रहरी नै भौतिक संरचना बचाउन असमर्थ भयो । कतिपय प्रहरी आफ्नै बासस्थल खोज्न बाध्य भए । कतिपयले राहतका सामग्री दयाका शैलीमा लिनुपर्ने अवस्था आयो । प्रहरी संगठनको मनोबल चकनाचुर भएको अवस्था छ ।

नेपाल पुनः भू-राजनीतिक जटिलतामा फसेको छ । पश्चिमी शक्तिको हस्तक्षेप, छिमेकीको स्वार्थ, दलहरूको अक्षमता र युवाको आक्रोश मिसिँदा मुलुक अस्थिर बन्दै गएको छ । विदेशी शक्ति राष्ट्रहरूले नेपालको यो संकटलाई नजिकबाट नियाले । भारतीय विश्लेषकहरूका अनुसार, नेपाल फेरि अस्थिर भयो भने त्यो चीनको लाभमा जानेछ, त्यसैले भारत सतर्क रहनुपर्छ ।

चिनियाँ विज्ञहरूले भने नेपालमा स्थायित्व चीनकै हितमा छ, अस्थिरता बाह्य शक्तिले सिर्जना गरेको हो, नेपालले स्वतन्त्रताको बाटो छोड्नुहुँदैन भन्ने टिप्पणी गरेका छन् । पश्चिमी थिङ्क ट्याङ्कहरूले भने यो आन्दोलनलाई युवा सञ्चालित स्वतस्फुर्त आन्दोलन भन्दै लोकतान्त्रिक मूल्यलाई दमन गरिएको आरोप लगाएका छन् । तर उनीहरूले आन्दोलनमा देखिएको लुटपाट र हिंसाबारे भने मौनता साँधेका छन् ।

७० वर्ष लामो संघर्षपछि स्थापित भएको लोकतन्त्र केही घन्टाको अराजकताले ध्वस्त भएको दृश्यले मुलुकलाई स्तब्ध बनाएको छ । दलका नेताहरू पानीले भिजेको मुसोझैँ प्वालबाट हेर्न मात्र बाध्य भएका छन् । विदेशी शक्तिहरूलाई खेल्ने ठाउँ दलहरूले नै बनाइदिए । अहिले प्रश्न उठ्छ- दलका नेताहरू आफ्नो कुकर्म सम्झेर पश्चात्ताप गर्छन् कि अझै विदेशी शक्तिको खेलमा शकुनि बन्ने धुनमा लाग्छन् ? तर यसबीच, सेनाको निर्णायक भूमिकाले मुलुकलाई थप दुर्घटनाबाट बचाएको छ भन्नेमा भने धेरैले सहमति जनाएका छन् ।
प्रश्न अब यही हो– के राजनीतिक दलहरूले यो संकटबाट पाठ सिक्छन् ? कि फेरि विदेशी रणनीतिमा खेलिँदै अर्को उल्टापुल्टा निम्त्याउँछन् ? नेपाललाई स्थायित्वतर्फ लैजान दल, सुरक्षा निकाय र नागरिक समाज सबैले गम्भीर आत्ममन्थन गर्नुपर्ने अवस्था छ । अन्यथा, नेपाल निरन्तर भू-राजनीतिक खेलको 'चेपुवा' बन्नेछ ।

वर्ष -१८, अंक- ९,
२०८२ साल असोज ७ गते मंगलबार
23 SEPTEMBER 2025, TUESDAY

जन आकाश
WWW.JANAAKASH.COM.NP



# सूर्यविनायक–धुलिखेल सडक अनुगमनमा कुलमान, खाल्डा पुर्न निर्देशन



**काठमाडौं–** भौतिक, पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले सूर्यविनायक-धुलिखेल (धुलिखेल खावा) सडक अनुगमन गरेका छन् । त्यसक्रममा उनले सडक निर्माण प्रगतिबारे जानकारी लिए ।

अनुगमन क्रममा उनले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव, सडक विभागका महानिर्देशक, आयोजनाका प्रमुख तथा निर्माण व्यवसायीसँग छलफल गरे । छलफलमा मन्त्री घिसिङले चाडपर्व ख्याल गर्दै सडकका खाल्डाखुल्डी तत्काल मर्मत गरी यातायात आवागमन सहज बनाउन निर्देशन दिए । आयोजना तर्फबाट निर्णय गर्न बाँकी विषय भए ती विषयमा तत्काल निर्णय गर्न, जनशक्ति र उपकरण थप गरी निर्माण कार्यलाई पूर्णरूपमा परिचालन गर्न तथा चालु आर्थिक वर्षभित्र नै सडक विस्तार सम्पन्न गर्न आग्रह गरे । हालसम्म सूर्यविनायकदेखि धुलिखेलसम्मको १५.८ किलोमिटर सडकलाई ६ लेनमा विस्तार गर्ने काम भइरहेको छ । यस अन्तर्गत सूर्यविनायकदेखि साँगासम्मको ८ ।३ किलोमिटर खण्डमा ३० प्रतिशत भौतिक प्रगति भएको छ ।

साँगादेखि धुलिखेलसम्मको ७ ।५ किलोमिटर खण्डमा ५१ प्रतिशत प्रगति भएको छ । आयोजनाको समग्र भौतिक प्रगति ४५ प्रतिशत छ । टेवा पर्खाल तथा नाली निर्माणको ८० प्रतिशत काम सम्पन्न भइसकेको छ । करिब १ किलोमिटर सडकमा कालोपत्रे गरिएको छ । तर, सडक सीमा विवाद, घरटहरा हटाउने समस्या, बजेटको अभाव लगायत कारण आयोजना निर्माण कार्य प्रभावित भएको आयोजनाले जनाएको छ । बजेट अभाव हुन नदिन आवश्यक पहल गर्ने मन्त्री घिसिङले बताए । सडक विभागका महानिर्देशक डा. विजय जैसीका अनुसार आयोजनाका लागि चालु आव करिब ३ अर्ब बजेट आवश्यक पर्नेमा ५० करोड मात्र विनियोजन गरिएको छ ।

# यो वर्ष संस्थागत विद्यालयका २० हजार बढी विद्याथीले छात्रवृत्रि् पाए : बालेन

**काठमाडौं–** काठमाडौं महानगरपालिकाका मेयर बालेन साहले यो वर्ष संस्थागत विद्यालयका २० हजारभन्दा धेरै विद्याथीलाई छात्रवृत्रि् पाएको बताएका छन् ।

सोमबार मेयर बालेनले सामाजिक सञ्जालमार्फत यस्तो जानकारी गराएका हुन् ।-उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'एउटा कानुन कार्यान्वयनले यो वर्ष २० हजारभन्दा धेरै विद्याथीले स्कुलरसिप पाएका छन् ।'



कार्यान्वयनको पहिलो वर्ष १३ हजार र दोस्रो वर्ष १० हजार विद्याथीले छात्रवृत्रि् पाएको उनले जानकारी गराएका छन् । यो वर्ष भने १९१० कक्षासम्मका १६ हजार ९८० र कक्षा ११ का ३ हजार ३०२ गरी कुल २० हजार २ सय ८२ जना विद्याथीले करिब २ अर्ब २५ करोड रुपैयाँ बराबरको छात्रवृत्रि् पाएको मेयर साहले बताएका छन् ।

मेयर साहका अनुसार शैक्षिक सत्र २०८२ मा विवरण बुझाउने विद्यालयको संख्या ४४० पुगेको छ । जसअनुसार १६ हजार ९८० जनाले छात्रवृति पाएका हुन् । केही विद्यालयले हालसम्म विवरण नबुझाएको भन्दै मेयर साहले त्यस्ता विद्यालयलाई यथाशीघ्र विवरण बुझाउन अनुरोध समेत गरेका छन् । विवरण पेस नगर्ने विद्यालयहरू बन्द विद्यालयको रूपमा बुझेर काठमाडौं महानगरपालिकाको शिक्षा ऐन, २०७५ बमोजिम विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने गरी कारबाही गरिने चेतावनी समेत मेयर साहले दिएका छन् । उनले अगाडि लेखेका छन्, 'प्राप्त भएको विवरणमाथि अनुगमन गर्ने छौं । फरक पाइएमा कानुन बमोजिम कारबाही हुनेछ । कानुन निर्माणको महत्त्व कार्यान्वयनबाट मात्र पुष्टि हुन्छ । त्यसैले हामी कानुन निर्माण र कार्यान्वयन दुवै पक्षमा उत्तिकै गम्भीर छौं ।'

कक्षा ११ को छात्रवृति केन्द्रिकृत प्रणालीबाट र कक्षा १(१) का लागि ऐनको दफा ५) को उपदफा (३) अनुसार गठित छात्रवृत्रि् छनोट समितिको निर्णयबाट विद्यालय व्यवस्थापन समितिले वितरण गरे अनुसार प्राप्त विवरण भएको मेयर साहले बताएका छन् ।

सबै विवरण कानुनअनुसार वेबसाइटमा सार्वजनिक गरिएको मेयर साहले भनेका छन् । केही अस्वाभाविक भएमा महानगर शिक्षा विभागमा सम्पर्क गर्न समेत उनले आग्रह गरेका छन् । कानुनी राज्यको अनुभूति गराउनु आफूहरूको प्रमुख उद्देश्य भएको मेयर साहको भनाइ छ ।

# दुर्गम बस्ती 'खल्ला मसेट्टी'

**दोधारा चादनी (कञ्चनपुर)–** सुगम जिल्ला भनेर चिनिने कञ्चनपुर भित्रै विकासका आधार भुत सुविधाबाट वञ्चित छ, 'खल्ला मसेट्टी' गाउँ ।


हाँसम्म पुग्ने पक्की बाटो छैन, स्वास्थ्य, शिक्षा, विद्युत् र खानेपानीजस्ता आधारभुत सेवा पाउनसमेत मुस्किल पर्ने यहाँको जनजीवन कष्टकर छ । सदरमुकामदेखि २० किलोमिटर उत्तरतर्फ अवस्थित यस बस्ती जोखिमपूर्ण कच्ची बाटो पार गरेर मात्र पुग्न सकिन्छ । २०६५ सालमा डडेल्धुराको जोगबुढाबाट बसाइसरेर यहाँ आएका लोकबहादुर थापा मगर यहाँ अनेक दुःख झेल्नु परेको बताउँछन् । 'यहाँको मुख्य समस्या सडक हो । सडक नहुँदा यहाँका बालबालिका दुई घण्टा पैदल हिँडेर विद्यालय जान्छन्', उनले भने, 'बिरामी हुँदा उपचारका लागि निकै समस्या छ ।' बस्तीमा खानेपानीको सुविधा छैन ।

गाउँमा माध्यमिक तहको विद्यालय नहुँदा पढाइ छाडेर भारत जाने चलन छ । महेन्द्रनगर सदरमुकामदेखि करिब १३ किमि ब्रह्मदेवसम्म सुविधा सम्पन्न सडक छ । ब्रह्मदेव कटेपछि यहाँ पुग्न कठिन बाटोको यात्रा गर्नुपर्छ । 'वर्षातको बेला बाटो नहुँदा बिरामीलाई उपचार गराउन समस्या हुन्छ, बाटो नहुँदा धेरै समस्या झेल्नुपरेको छ', स्थानीय लीला पुन मगरले भनिन्, 'विजुलीबत्ती र खानेपानीको सुविधा छैन ।' खानेपानी योजनाआएको पाँच वर्ष भयो तर अहिलेसम्म पूर्णता पाएको छैन । छ सय बढी जनसङ्ख्या रहेको यस वस्तीमा आधारभूत तहको विद्यालय बाहेक अरु कुनै सुविधा उपलब्ध छैन । यहाँबाट ब्रह्मदेव पढ्नका लागि आठ किलोमिटर पैदल हिँड्नुपर्छ । सडक राम्रो नहुँदा यहाँ एम्बुलेन्स समेत ल्याउन सकिँदैन ।

यहाँ पक्की बाटो बन्ला र गाडी गुड्ला भन्ने आशामा दशक बितेको धनगिरी चुनारा बताउँछन् । उनले गाउँमा सुविधा सम्पन्न स्वास्थ्य चौकी नहुँदा धेरै पटक बिरामीलाई बोकेरै ब्रह्मदेव बजारसम्म पुर्‍याएको बताए । स्थानीयलाई यहाँ खेती गर्न सिचाँइसमेतको समस्या रहेको छ ।



## मुग्लिन–नारायणगढ सडक दुईतफी सञ्चालनमा



काठमाडौं- मुग्लिन-नारायणगढ सडकको तुइन खोला नजिकै पहिरो गएपछि एकतफी खुलेको राजमार्ग साँझ साढे ५ बजेदेखि दुईतफी खुलेको छ ।

सडक डिभिजन कार्यालय भरतपुरका अनुसार अहिले पहिरो पूर्णरूपमा हटाएर दुईतफी यातायात सञ्चालनमा ल्याइएको छ ।

दुईतफी सडक खुलाउन यहाँ आज आवागमन रोकेर काम गरिएको थियो । रातको समयमा ढुंगा खस्ने जोखिमका कारण यातायात गत राति रोकिएको थियो । शुक्रबार साँझबाट अवरुद्ध भएको सडक आइतबार साँझमात्र एकतफी खुलेको थियो ।

**रामेछाप डायरी**

# मन्थली नगरपालिकामा वडास्तरीय प्रारम्भिक बालविकास कमिटी गठन

रामेछापको मन्थली नगरपालिकाको दुई वटा वडामा 'वडास्तरीय प्रारम्भिक बालविकास गठन तथा अभिमुखीकरण सम्बन्धी एक दिने कार्यशाला' सम्पन्न भएको छ ।

मन्थली नगरपालिका अन्तर्गतका वडा नं. ३ र वडा नं। ५ मा वडास्तरीय प्रारम्भिक बालविकास गठन तथा अभिमुखीकरण सम्बन्धी एक दिने कार्यशाला सम्पन्न भएको हो । कार्यशाला वडा नं. ३ मा असोज २ गते बिहिबार र वडा नं. ५ मा असोज ५ गते आइतबार सञ्चालन गरिएको थियो । कार्यक्रम सम्बन्धित वडामा नै गरिएको थियो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँगको समझदारी अनुसार मन्थली नगरपालिकासँगको सहकार्यमा चाइल्ड एड नेटवर्क फाउण्डेशनको आर्थिक सहयोग तथा सेतो गुराँस राष्ट्रिय बालविकास सेवाको प्राविधिक सहयोगमा सञ्चालित इसिडी हामीनी परियोजना मार्फत नगरको दुई वटा वडामा सम्बन्धित वडाका वडा अध्यक्षको अध्यक्षतामा कार्यशाला सञ्चालन गरिएको थियो । गर्दै गरौं लगानी बाटो, कूलो, पुल, भवन र मन्दिरमा, थप गरौं लगानी प्रारम्भिक बालविकास भन्ने मूल नाराका साथ सम्बन्धित वडा कार्यालयको आयोजनामा सञ्चालित कार्यशालामा सहभागीहरुलाई प्रारम्भिक बालविकासको परिचय, अवधारणा, महत्व, प्रारम्भिक बालविकाससँग सम्बन्धित एकीकृत सेवा प्रवाहको बारेमा अभिमुखीकरण गरिएको थियो । त्यसैगरी प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७-२)८८ बारेमा समेत अभिमुखीकरण गराइएको मन्थली नगरपालिकाका बालविकास संयोजक नवराज विश्वकर्माले जानकारी दिनुभयो ।

राष्ट्र निर्माण र दिगो विकासको जग मानिका भविष्यका कर्णधार बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि आवश्यक लगानीको प्रवर्द्धन गराउने, प्रारम्भिक बालविकाको परिचय, अवधारणा र महत्वबारे सम्बन्धित सरोकारवाला तथा जिम्मेवार पक्षलाई जानकारी गराउने र वडास्तरमा प्रारम्भिक बालविकास समिति गठन गर्ने हेतुले कार्यशालाको आयोजना गरिएको बालविकास संयोजक विश्वकर्माले बताउनुभयो । कार्यशालामा सम्बन्धित वडाका वडा अध्यक्ष तथा वडा सदस्य, आमा समुहका अध्यक्ष तथा प्रतिनिधि, बाल सञ्जालका अध्यक्ष वा प्रतिनिधि, वडाका विषयगत शाखा कृषि, स्वास्थ्य शाखा प्रमुख, वडा सचिव, बालमैत्री सहजकर्ता, वडा शिक्षा समितिका प्रतिनिधि, वडा नागरिक समुहका अध्यक्ष तथा प्रतिनिधि, इसिडी मेन्टर लगायतको सहभागिता रहेको थियो । वडा नं। ३ मा भएको कार्यशालामा बालविकास संयोजक नवराज विश्वकर्माले




प्रारम्भिक बालविकासको परिचय, अवधारणा, महत्व, प्रारम्भिक बालविकाससँग सम्बन्धित एकीकृत सेवा प्रवाह र प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७-२०८८ बारेमा सहभागीहरुलाई जानकारी गराउनु भएको थियो । त्यसैगरी वडास्तरीय प्रारम्भिक बालविकास कमिटीको गठन प्रक्रिया र समितिको काम, कर्तव्य र अधिकारका बारेमा समेत उहाँले अभिमुखीकरण गराउनु भएको थियो । अभिमुखीकरणको सहजीकरण बालविकास संयोजक र सेतो गुराँस राष्ट्रिय बालविकास सेवाका तालिम अधिकृत बुद्धिबल थापा मगरले गर्नु भएको थियो ।

यसैबीच, कार्यशालाले वडा नं। ३ मा वडा अध्यक्ष कृष्ण गोपाल थापाको अध्यक्षतामा १३ सदस्यीय वडास्तरीय प्रारम्भिक बालविकास समिति गठन गरेको छ । समितिको सदस्यमा वडा सदस्य गिता नेपाली, उर्मिला बुढोथोकी, स्वास्थ्य प्रमुख सुरेश शाह, कृषि प्राविधिक लवहरी खत्री, आमा समुहकी अध्यक्ष गिता श्रेष्ठ, स्वास्थ्य स्वयंसेविका मञ्जु रोका, वडा शिक्षा समितिका सदस्य ठाँटी आधारभूत विद्यालयका प्रधानाध्यापक रुद्र कुमार श्रेष्ठ, पशु प्राविधिक कौशिल्या शाह, बाल सञ्जाल अध्यक्ष प्रदिप रोका र सावित्रा घिमिरे काफ्ले हुनुहुन्छ । यसैगरी समितिको प्रारम्भिक बालविकास विज्ञमा अनिता खड्का र समितिको सदस्य सचिवमा नवराज श्रेष्ठ रहनु भएको छ ।

यसैबीच वडा नं। ५ मा वडा अध्यक्ष रविन कार्कीको अध्यक्षतामा १४ सदस्यीय वडास्तरीय प्रारम्भिक बालविकास समिति गठन भएको छ । समितिको सदस्यमा जनप्रतिनिधि राधा कार्की, तारा कुमारी बसेल, वडा शिक्षा समितिका सदस्य भैरवी मा।वि। सुनारपानीका प्रा।अ। दिनेश कुमार कार्की र सदस्य सचिवमा पम्फा भुसाल हुनुहुन्छ । त्यसैगरी सदस्यहरुमा गंगा थापा, समिता पोखेल, बविता प्रधान, मान बहादुर भुजेल, कल्पना श्रेष्ठ, सुभद्रा थापा, विमला मुङ्गाती रहेका छन् भने प्रारम्भिक बालविकास विज्ञमा बालमैत्री सहजकर्ता शर्मिला श्रेष्ठ रहनु भएको छ ।

यसैबीच वडा अध्यक्ष रविन कार्की र वडा अध्यक्ष कृष्णगोपाल थापाले यो समितिले बालबालिकाको क्षेत्रमा प्रारम्भिक बालविकासका क्षेत्रमा महत्वपूर्ण सहयोग पुर्‍याउने बताउनुभयो । प्रारम्भिक बालविकासको क्षेत्रमा काम गर्नको लागि यो समितिले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्दै उहाँले आगामी दिनमा समितिका सदस्यहरुले आफ्नो जिम्मेवारीअनुसार काम इमान्दारपूर्वक काम गर्नुपर्ने बताउनुभयो ।

# जेनजी आन्दोलनले ट्राभल एजेन्सीको व्यवसाय चौपट



काठमाडौं- जेनजीको आन्दोलन र विभिन्न देशले नेपालीहरूलाई भिसामा गरेको कडाइको असर ट्राभल एजेन्सीहरूको व्यवसायमा परेको छ । विभिन्न देशमा घुम्न लाने प्याकेज बेच्दै आएका ट्राभल एजेन्सीमा अहिले बुकिङ रद्द गराउने क्रम बढेको छ ।

व्यवसायीहरूका अनुसार दसैंमा यूएई घुम्न जाने प्याकेज बुकिङ गराएकामध्ये ९० प्रतिशतले रद्द गरेका छन् ।

ट्राभल एजेन्सी सी लिङ्क्स होलिडेजका निर्देशक विशिष्ट कोइरालाले शारजाह घुम्नका लागि भएका बुकिङमध्ये ९० प्रतिशत रद्द भएको जानकारी दिए ।

'दसैं तिहारमा शारजाह जानका लागि हामीकहाँ २०० जनाले प्याकेज बुकिङ गराएका थिए । तर, जेनजीको आन्दोलन र यूएईले भिसा बन्द गरेका कारण १८० जनाले बुकिङ रद्द गराइसकेका छन् । अहिलेसम्म ५ प्रतिशतको भिसा आएकामा अब त्यो पनि के हुन्छ थाहा छैन,' कोइरालाले भने ।

यूएईले भदौ ३० देखि नेपालीहरूका लागि भिसा बन्द गरेको छ । कन्सुलर विभागका सूचना अधिकारी सुरेश अधिकारीले भने भिसामा कडाइ गरिएको पत्र नआएको जानकारी दिए ।

'सञ्चारमाध्यमले नेपालीहरूलाई भिसामा कडाइ गरेको समाचार लेखे पनि हामीलाई आधिकारिक पत्र आएको छैन,' उनले भने ।

भदौ २३ र २४ गते जेनजी आन्दोलनका क्रममा कारागारबाट ठूलो संख्यामा कैदीहरू बाहिर निस्केपछि भारतले सीमा नाकामा कडाइ गरेको छ ।

कोइरालाका अनुसार शारजाह मात्र होइन अन्य गन्तव्यमा जानका लागि प्याकेज बुकिङ गराएकाहरूले पनि अहिले धमाधम रद्द गरिरहेका छन् ।

'हाम्रोमा विदेशका विभिन्न गन्तव्यमा घुम्नका लागि ५०० जनाले बुकिङ गराउनुभएको थियो । अहिले १२० जनाको मात्र बुकिङ छ,' उनले भने, 'धमाधम बुकिङ रद्दले हामीलाई घाटा भएको छ ।'

कान्तिपुर होलिडेजमा दुबई घुम्नका लागि १५० जनाले बुडिङ गराएकामा अहिलेसम्म कसैको भिसा आएको छैन ।

'हामीकहाँ दुबई जानका लागि १५० जनाले बुकिङ गराएका थिए । अहिलेसम्म कसैको भिसा आएको छैन भने यूएईले बन्द गरेकाले अब सबैको बुकिङ क्यान्सिल हुने भयो,' कम्पनीका एक कर्मचारीले भने ।

कम्पनीका अनुसार थाइल्याण्ड, जापान र युरोप जानका लागि भएको बुकिङ जेनजी आन्दोलनपछि धमाधम रद्द भइरहेका छन् ।

'अहिले थाइल्यान्ड, युरोप र जापानको भिसा पनि सजिलोसँग लागिरहेको छैन । कतिपयको क्यान्सिल भइरहेको छ । थाइल्यान्डको हिजो मात्र ३ जनाको भिसा रद्द भयो । कारण के हो? थाहा छैन । बुकिङ गराएकाहरूले पनि जेनजीको आन्दोलनमा भएको विध्वंशको कारण देखाएर घुम्ने मुड नरहेको भन्दै फोन गरेर रद्द गर्न भनिरहेका छन्,' कम्पनीका ती कर्मचारीले भने, 'विदेशी पर्यटकले बुकिङ रद्द गराइरहेका बेला नेपालीहरू पनि त्यही बाटोमा लाग्दा हाम्रो व्यवसायमा दोहोरो मार परेको छ ।'

इमेज होलिडेजका टुर म्यानेजर पुरुष पौडेलले पनि जेनजीको आन्दोलनले विदेश लाने प्याकेजको बुकिङ धमाधम रद्द भइरहेको बताए ।

'अहिले यूएई लैजान सक्ने अवस्था छैन । मलेसिया र चीनमा पनि केही कडाइ गरिएका कारण १०/१५ जनाको ग्रुपको बुकिङ भिसा सियोर नदेखेर हामीले नै रद्द गरेका छौं,' उनले भने ।

इमेज होलिडेज अहिले थाइल्यान्ड र सिंगापुरको प्याकेज बेचिरहेको छ । तर, बुकिङ नगन्य छ ।

'हामी अहिले थाइल्यान्ड र सिंगापुरमा फोकस छौं । तर, बुकिङ सोचे जस्तो छैन । दसैं आइसक्यो । तर, ट्राभल गर्न २/३ जनाले मात्र बुकिङ गराएका छन्,' पौडेलले भने ।

यो कम्पनीले पोहोर दसैंमा २०० जनालाई विदेश घुमाएको थियो ।

रुप्से होलिडेजले भने धेरै असर नपरेको दाबी गरेको छ । कम्पनीका म्यानेजर भुवन बस्नेतले यूएई बाहेक अन्य देशमा घुम्न जान भिसाको समस्या नरहेकाले जेनजी आन्दोलनले खासै समस्या नपारेको बताए ।

'हामीले यसपालि पोहोरजस्तो दुबईका लागि फोकस नगरेकाले भिसामा कडाइले समस्या हुने कुरा भएन । एक/दुईवटा बुकिङ थियो । भिसा बन्दका कारण हामीले नै बुकिङ रद्द गर्न लगाएका छौं,' उनले भने, 'भियतनाम, बाली लगायत गन्तव्यमा जान चाहनेहरूलाई हामीले प्याकेज बेचिरहेका छौं । आन्दोलनले खासै समस्या पारेको छैन ।'

बस्नेतका अनुसार रुप्से होलिडेजले सेप्टेम्बर २० देखि अक्टोबर १० सम्म हरेक दिन २० देखि २५ जनाको समूह भियतनाम र बाली लाने गरी प्याकेज बिक्री गरिरहेको छ ।

बालीका लागि ४ रात ५ दिनको प्याकेजको मूल्य ९० हजारदेखि १ लाख २० हजारसम्म र भियतनामका लागि १ लाख १० हजारदेखि १ लाख ६० हजार रुपैयाँसम्म छ । कम्पनीले चीन घुम्न चाहनेहरूलाई पनि प्याकेज बेचिरहेको छ । चीन घुम्ने प्याकेजको मूल्य १ लाख ३० हजार देखि १ लाख ४० हजार रुपैयाँ छ ।

जेनजी आन्दोलनका कारण नेपालमा विदेशी पर्यटक पनि घटेका छन् । विदेशीहरूले नेपाल भ्रमणका लागि गरेको बुकिङ धमाधम रद्द गराइरहेका छन् ।

# प्रधानमन्त्रीसँगको छलफलमा निजी क्षेत्रले भन्यो– पुनरुत्थानको प्याकेजसँगै सुरक्षा चाहियो



काठमाडौं- जेनजीको आन्दोलनका क्रममा भएको लुटपाट, तोडफोड र आगजनीका कारण मनोबल कमजोर भएको निजी क्षेत्रले पुनरुत्थानको प्याकेज ल्याउन सरकारसँग आग्रह गरेको छ ।

प्रधानमन्त्री सुशीला कार्कीले आइतबार सिंहदरबारमा राखेको छलफलमा निजी क्षेत्रले पुनर्निर्माणका लागि प्याकेज ल्याउन र सुरक्षाको भरपर्दो व्यवस्था मिलाउन आग्रह गरेको हो ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले निजी क्षेत्रले सम्मानित रुपमा काम गर्न सक्ने वातावरणका लागि सरकारबाट सहयोग र सुरक्षाको अपेक्षा गरेको बताए ।

'हामी पनि सम्हालिंदै सरकारसँग सहकार्य गर्न तयार छौं । तर, हामीले सुरक्षित रुपमा व्यवसाय गर्ने वातावरण चाहियो । व्यवसायीको मनोबल बढाउने प्याकेज पनि आवश्यक छ,' ढकालले भने ।

जेनजीको आन्दोलनका क्रममा भदौ २४ गते भाटभटेनी सुपर मार्केटका एक दर्जन स्टोर लगायत विभिन्न व्यावसायिक प्रतिष्ठानमा लुटपाट तोडफोड र आगजनी भएको थियो । त्यो घटनापछि निजी क्षेत्रको मनोबल कमजोर हुन पुगेको छ । महासंघका अध्यक्ष ढकालका अनुसार निजी क्षेत्रमा ८० अर्ब रुपैयाँ बराबरको क्षति भएको आकलन गरिएको छ ।

ढकालले आन्दोलनका क्रममा भएको घुसपैठका कारण निजी क्षेत्रले ठूलो क्षति बेहोरेको भन्दै दोषीमाथि कारबाहीको माग गरे । कारबाही नभए दण्डहीनताको अवस्था सिर्जना भै निजी लगानी निरुत्साहित हुने निजी क्षेत्रको भनाइ छ । निजी क्षेत्रले आन्दोलनमा प्रभावित व्यवसायीलाई कर्जाको पुनर्संरचना र पुनर्तालिकीकरण सुविधा प्रदान गर्न, नयाँ संरचना बनाउन आवश्यक सामान ल्याउन भन्सार लगायत शुल्क र आयकर लगायतमा छुट दिन आग्रह गरेको छ ।

महासंका अध्यक्ष ढकालले सामाजिक उत्तरदायित्व अन्तर्गतको रकम पुर्ननिर्माणमा लगाउन सकिने भन्दै त्यसलाई खर्चका रुपमा देखाउन पाउने र अन्य सहजीकरण गर्न सरकारको ध्यानाकर्षण गराए ।

छलफलमा अर्थमन्त्री रामेश्वर खनाल र गृहमन्त्री ओमप्रकाश अर्याल पनि सहभागी थिए ।

# आईटीसीको नेपालमा लगानी योजना यथावत




काठमाडौं- भारतीय बहुराष्ट्रिय कम्पनी आईटीसी लिमिटेडले नेपालमा हालको राजनीतिक घटनाक्रमका बाबजुद आफ्नो दीर्घकालीन लगानी योजना जारी राख्ने जनाएको छ । कम्पनीको एफएमसीजी (छिटो बिक्री हुने उपभोग्य वस्तु) र होटल क्षेत्रमा विस्तार योजना समयअनुसार अघि बढ्ने अध्यक्ष तथा प्रबन्ध निर्देशक संजिव पुरीले बताएका छन् ।

नेपालमा आईटीसी लिमिटेडको उपस्थिति मुख्यतया एफएमसीजी र होटल क्षेत्रमा छ । यस अन्तर्गत कम्पनीका प्रमुख ब्राण्डहरू फेयर एण्ड लभली, सनफिल्टर, विभिन्न आईटीसी चिया ब्राण्ड छ । उक्त कम्पनीको लगानी चुरोट उत्पादक सूर्य नेपालमा छ । होटल क्षेत्रमा आईटीसी होटल्समार्फत आतिथ्य सेवा सञ्चालन गर्दै आएको छ ।

'हालैको अस्थिरताले आईटीसीको नेपाल लगानी योजना कुनै रूपमा प्रभावित गरेको छैन । अहिले अवस्था सुधार हुँदै गएको छ,' उनले भनेका छन् । विश्वव्यापी रूपमा अनिश्चितता र व्यवधान बढ्दै गएको उल्लेख गर्दै उनले व्यवसायले त्यसअनुसार अनुकूल हुनुपर्ने बताए । उनले भने, 'अनिश्चितता र व्यवधान सबै ठाउँमा देखिन्छ । यो व्यवसाय वा जीवनयापनका लागि राम्रो होइन, तर आजको संसारमा प्रगतिका लागि यसलाई सामना गर्दै अघि बढ्नै पर्छ ।' नेपालमा हालको व्यापारिक वातावरणलाई उनले अत्यन्त जटिल बताए । तथापि कम्पनीहरूले उथलपुथल, अनिश्चितता, छिटो हुने परिवर्तन सामना गर्दै नवीन रणनीतिमा अघि बढ्ने सीप सिक्नुपर्ने तर्क उनले गरेको इकोनोमिक टाइम्सले समाचारमा उल्लेख गरेको छ ।

उनले वैश्विक भू(राजनीति र भू(अर्थनीति यस किसिमका व्यवधानका मुख्य चालक भएको साथै जलवायु परिवर्तनको प्रभाव बढ्दै गएको पनि औंल्याए । पुरीले थपे, 'नियमहरू कडाइ भइरहेका छन् र गैर(शुल्क सम्बन्धी अवरोधहरू पनि बढ्दै छन् ।'

# ब्याजदर ओरालो लागेपछि तरतलाको 'कम्पोजिसन' फेरिँद

**काठमाडौं–** ब्याजदर निरन्तर घटेर निक्कै तल्लो विन्दुमा आउँदा लगानीयोग्य रकम (तरलता) बचततर्फ मोडिन थालेको छ । ब्याजदरले आकर्षित नगरेपछि बढ्दो रेमिटेन्स र परिपक्व भएको मुद्दतीको रकम बचतमा मोडिन थालेको हो ।

अधिक तरलता र सुस्त कर्जा प्रवाहका कारण लागत कम गर्न बैंक तथा वित्तीय संस्थाले ब्याजदर निरन्तर घटाएका कारण निक्षेपकर्ताले आफ्नो पैसा बचतमा राख्न थालेका छन् ।

मुद्दतीबाट लाभ नहुने भएपछि निक्षेपकर्ताले बढी प्रतिफल हुने क्षेत्रमा लगानीको प्रतीक्षासहित बचतमा पैसा राख्न थालेका हुन् । मुद्दतीमा राखेको रकम आफूले चाहेको समयमा निकाल्न पाइँदैन । समय पूरा हुनुपर्छ । तर, बचत खाताबाट आफूले चाहेको समयमा निकाल्न पाइन्छ ।

एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत (सीइओ) सुदेश खालिङ ब्याजदर बढेपछि मुद्दतीको हिस्सा बढ्दै जाने र घट्दा कमी आउने 'ट्रेण्ड' नै भएको बताउँछन् ।

'निक्षेपको ब्याजदर बढेको बेलामा मुद्दतीको हिस्सा बढ्छ र बचतको हिस्सा खुम्चिन्छ । जब ब्याजदर घट्छ त्यसपछि निक्षेपकर्ता बढी प्रतिफल पाउने क्षेत्रमा लगानी गर्न खोज्छन् जसले गर्दा मुद्दतीको रकम पनि घट्ने गर्छ,' खालिङले भने ।

पछिल्लो एक वर्षमा वाणिज्य बैंकहरुमा मात्रै ६ खर्ब ७६ खर्ब रुपैयाँ बचत थपिएको छ । आर्थिक वर्ष २०८१/८२ को साउनमा बचत




खातामा १७ खर्ब २४ अर्ब रुपैयाँ रहेकामा बढेर अहिले २४ खर्ब पुगेको छ । एक वर्षमा मुद्दती निक्षेप भने १ खर्ब ६१ अर्ब रुपैयाँ घटेको छ । पोहोर साउनमा ३१ खर्ब ७८ अर्ब रुपैयाँ रहेको मुद्दती निक्षेप अहिले ३० खर्ब १७ अर्बमा झरेको छ । मुद्दती र बचतमा ब्याजदर खासै फरक नरहेका कारण निक्षेपकर्ताहरुले मुद्दतीमा परिपक्व भएको रकम धमाधम बचतमा सारिरहेको बैंकरहरुले बताएका छन् ।

पछिल्लो एक वर्षमा बचतको औसत ब्याजदर ०.३६ प्रतिशत विन्दुले खुम्चिएर ३.०७ प्रतिशतमा झरेको छ । यस्तै मुद्दतीको औसत ब्याजदर २.६० प्रतिशत विन्दुले खुम्चिएर ५.३३ प्रतिशतमा झरेको छ । पोहोर यतिखेर बचत खाताको औसत ब्याजदर ३.४३ र मुद्दतीको ७.९३ प्रतिशत थियो ।

मुद्दतीको हिस्सा घटेर बचतमा पैसा जम्मा हुनुलाई जानकारहरु राम्रो मान्दैनन् । मुद्दतीको हिस्सा कम हुँदा लागत घटेर कर्जा अझै सस्तिंदै जाने भए पनि दीर्घकालीन लगानीका दृष्टिले चुनौती हुने उनीहरुको भनाइ छ । नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक प्रकाशकुमार श्रेष्ठ ब्याजदर घटेर फाइदा हुने नदेखेपछि निक्षेपकर्ता मुद्दतीको साटो बचततर्फ 'सिफ्ट' भएको बताउँछन् ।

'अहिले बचत र मुद्दतीको इन्ट्रेस्ट रेटमा धेरै फरक छैन । एक वर्षको अवधिसम्मको मुद्दती र बचतको रेट एउटै छ । मार्जिन नभएपछि मुद्दतीमा किन राख्ने भन्ने हुन्छ । निक्षेपकर्ताले अवसर खोज्छन् । जुन आफैंमा नराम्रो होइन,' उनले भने, 'तर दीर्घकालीन लगानीका दृष्टिले मुद्दतीको निक्षेप घट्नु राम्रो होइन ।'

बचततर्फ मोडिएका निक्षेपकर्तालाई आकर्षित गर्न बैंकहरुले मध्यम र दीर्घकालीन अवधिको मुद्दतीको ब्याजदर केही बढाउनुपर्ने श्रेष्ठको सुझाव छ । 'बैंकहरुले मिड टर्म र लङ टर्मको मुद्दतीमालगानीकर्तालाई आकर्षित गर्नंपर्छ । त्यसै भए बचततर्फ मोडिएको पैसा मुद्दतीमा आउँछ,' उनले भने, 'होइन भने भोलि हाइड्रोपावर लगायत परियोजना कर्जा, घर कर्जा, गाडी कर्जा लगायत लामो अवधिको ऋण दिनका लागि समस्या निम्तिन सक्छ । किनभने बचत खाताको पैसा बैंकमा बसिरहन्छ भन्ने हुँदैन । निक्षेपकर्ताले जुनबेला पनि निकाल्न सक्छन् ।'

बचत खाताको पैसा निक्षेपकर्ताले जुनसुकै बेला निकालेर खर्च गर्ने भएकाले त्यसले बजार चलायमान बनाउन भने सहयोग पुग्छ । बचत खातामा पैसा बढ्दा उपभोग, निर्माण, साना व्यवसायमा सकारात्मक प्रभाव पर्न सक्छ । सँगसँगै बजारमा पैसा धेरै जाँदा महँगी बढ्ने जोखिम पनि हुन्छ ।

# खेलकुद

## यू–१७ साफ च्याम्पियनसिप : नेपालको प्रतिद्वन्द्वी भारत




**काठमाडौं–** नेपालले यू(१७ साफ च्याम्पियनसिपको सेमिफाइनलमा भारतको सामना गर्ने भएको छ । भारतले प्रतियोगिताको समूह ‘ए जितेपछि सेमिफाइनलको यो समीकरण तयार भएको हो । नेपाल समूह ‘ए को उपविजेता हो ।

समूह ‘ए को विजेता बंगलादेशले भने अर्को सेमिफाइनलमा पाकिस्तानको सामना गर्नेछ । पाकिस्तान आफ्नो समूहका विजेता रह्यो । भारतले सोमबार कोलम्बोको रेस कोर्स मैदानमा भएको समूह चरणको खेलमा पाकिस्तानलाई ३-२ ले हरायो ।

यस जितसँगै भारतले समूह जितेको हो । भारतका लागि रहान अहमदले निर्णायक गोल गरे । दुवै सेमिफाइनल बिहीबार हुनेछन् । समूह चरणमा नेपालले श्रीलंकालाई २-) ले हराएको थियो भने बंगलादेशसँग ४-) ले पराजित भएको थियो ।

## रियललाई पछ्याउँदै बार्सिलोना

**काठमाडौं–** फेरान टोरेसले दुई गोल गरेपछि बार्सिलोनाले स्पेनी ला लिगामा आइतबार राति गेटोफेलाई सजिलै ३-) ले हराएको छ र यससँगै शीर्षमा रहेको रियल म्याड्रिडलाई पछ्याउने काम जारी राख्यो । क्याटलान क्लबका लागि डानी ओल्मोले पनि एक गोल गरे ।



रियल पाँच खेलबाट १५ अंक बटुल्दै शीर्षमा रहेको छ भने बार्सिलोना उसको पछाडि १३ अंकमा रहेको छ । एटलेटिको म्याड्रिडको सिजनमा खराव सुरुआत कायम रह्यो र उसले रियल मालीकासँग निराशाजनक १-१ को बराबरी खेल्यो ।

जुलियन अल्भारेज पेनाल्टीमा गोल गर्न चुकेपछि एटलेटिको एक अंकमै चित्त् बुझाउन बाध्य रहेको हो । उसको पाँच खेलबाट छ अंक मात्र भएको छ र लिग तालिकाको १२ औं स्थानमा रहेको छ ।

## विज्ञहरूसँग सुझाव लिएर अघि बढ्छु : शिक्षामन्त्री पुन

**काठमाडौं–** नवनियुक्त शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले विज्ञहरूसँग सुझाव लिएर अघि बढ्ने बताएका छन् ।

शीतल निवासमा राष्ट्रपति रामचन्द्र पौडेलबाट मन्त्री पदको शपथ लिएपछि सञ्चारकमीसँग कुरा गर्दै पुनले अपर्झट मन्त्री भएकाले अहिले नै धेरै नबोल्ने बताए ।

‘म शिवजी अथवा भगवान भएदिएको भए त्रिनेत्र लगाएर यसो यसो गर्छु भन्ने थिएँ, अब अपर्झट यहाँ आएर मन्त्री भइएको छ, सेवा सुविधा मलाई केही पनि चाहिन्न, म मन्त्रालयमा ओछ्यान लगाएर बस्ने हो, उनले भने ।

ठट्यौली पारामा उनले भने, ‘मन्त्रालयभित्र किचेन होला, त्यहीँ पकाइ खाने, त्यहीँ सुत्ने ।



मन्त्रीको जिम्मेवारीमा रहँदा प्राप्त हुने राम्रा सुझाव ग्रहण गरेर सकेसम्म छिटो कार्यान्वयनमा लैजाने उनको भनाइ छ ।

मन्त्रालयको जिम्मेवारी अनुसार विज्ञान, प्रविधि, नवप्रवर्तन नै आफ्नो प्राथमिकता पर्ने उनले बताए ।

आफूले जिम्मेवारी पाएको मन्त्रालय शिक्षा क्षेत्रसँग पनि जोडिएको तर, शिक्षामा सुधार र परिवर्तनबारे अहिले नै नबोल्ने बताए ।

आफू मन्त्री बन्न नचाहेको तर, परिस्थितिले बनाएको उनले बताए ।

# भिसामा कडाइ गर्दै मलेसिया, कतार र साउदी

**काठमाडौं–** युनाइटेड अरब इमिरेट्स (यूएई) ले नेपालीलाई भिसामा कडाइ गरेसँगै मलेसिया सहितका देशले पनि कडाइ गर्न थालेका छन् ।

२३ र २४ भदौमा नेपालमा भएको जेनजी आन्दोलनपछि उत्पन्न परिस्थिति मध्यनजर गर्दै यूएईले १५ सेप्टेम्बरदेखि भिजिट र वर्किङ भिसामा कडाइ गर्दै आएको छ । अहिले यूएईसँगै मलेसिया, साउदी अरब, कतार लगायत देशले समेत भिसा दिन कडाइ गर्न थालेका हुन् ।




नेपाल वैदेशिक रोजगार व्यवसायी संघका सचिव कुन्छादोर्जे डिम्दोङले मलेसिया सहित अन्य खाडी देशले समेत भिसा दिन कडाइ गर्न थालेको बताए । यूएईपछि मलेसिया, कतार, साउदी लगायत देशले समेत सहज भिसा दिन छाडेको उनको भनाइ छ । ‘दुईरतीन दिनयता अनेकन कागजात मागिरहेका छन् । प्रहरी रिपोर्ट पनि तत्कालको मागिरहेका छन् । कतिपयको रिजेक्ट पनि भइरहेको छ,’ डिम्दोङले भने ।

यूएईले भिजिट भिसामा पूर्णरूपमा रोक लगाएको छ भने वर्किङ भिसामा समेत कडाइ गर्दै आएको छ । जेनजी आन्दोलनपछि जेलबाट भागेका कैदीहरू आफ्नो देशमा पस्न सक्नेतर्फ सचेत हुँदै यूएईले भिसामा कडाइ गरेको जनाइएको छ । तर, यूएईले यसबारे कुनै आधिकारिक जानकारी भने गराएको छैन ।

यूएईले आन्तरिक व्यवस्थापन कारण देखाउँदै भिसामा रोक तथा कडाइ गरेको समेत भन्ने गरिएको छ । त्यससँगै सुरक्षा चुनौतीका कारण समेत रोक लगाएको यूएईका व्यवसायीहरूले नेपाली व्यवसायीहरूलाई जानकारी गराएका छन् ।

यूएईपछि मलेसिया, साउदी र कतारले समेत भिसामा कडाइ गरेको मेननपावर व्यवसायीहरूको भनाइ छ । परराष्ट्र मन्त्रालय स्रोतका अनुसार मलेसिया, साउदी र कतारले समेत भिसामा कडाइ गरेका छन् ।

नेपालीलाई भिसामा कडाइ गरेपछि परराष्ट्र मन्त्रालयले राजदूतावासहरूसँग बैठक आह्वान गरेको छ । भोलि मंगलबार राजदूतावासहरूसँग मन्त्रालयले छलफल गर्न लागेको हो । पछिल्लो समय उत्पन्न परिस्थितिका विषयमा छलफल हुनेछ । मेननपावर व्यवसायीहरूका अनुसार मलेसिया, कतार र साउदीले समेत वर्किङ भिसामा जाने श्रमिकका हकमा विभिन्न कागजात माग गरिरहेका छन् । वगतको तुलनामा पछिल्ला दिनमा सहज भिसा उपलब्ध नभएको डिम्दोङले बताए ।

यूएईलाई देखेर अन्य देशले समेत भिसामा कडाइ गरेको हुन सक्ने उनको अनुमान छ । यूएईमा भिजिट भिसा बन्द गरेपछि नेपाली राष्ट्रिय क्रिकेट खेलाडीलाई समेत भिसा दिन अस्वीकार गरेको थियो । वेस्ट इन्डिजसँगको टी-२० आई शृङ्खला खेल्न यूएई जान लागेका खेलाडीलाई भिसा दिन अस्वीकार गरेको थियो । पछि भिसा पाएका थिए । यूएईले भिसामा कडाइ गर्दा भिजिट भिसामार्फत गएकाहरू समस्यामा परेका छन् । नेपालबाट वैदेशिक रोजगारीका यूएई जाने दैनिक ५ सयभन्दा बढी नेपाली अन्योलमा परेका छन् । यूएईले वर्किङ भिसाका हकमा भने तत्कालको प्रहरी रिपोर्टका आधारमा जान दिइरहेको र नयाँका हकमा भने अस्वीकृत भइरहेको मेननपावर व्यवसायीहरूको भनाइ छ । मलेसिया, कतार र साउदीका हकमा समेत हिजोआज अस्वीकृत हुने दर बढेको डिम्दोङको भनाइ छ । उनका अनुसार भिसाका लागि आवेदन दिँदा समेत थप कागजात माग्ने गरिएको छ । नेपालीको प्रमुख श्रम गन्तव्य मुलुक रहेका यूएई, मलेसिया, साउदी र कतारले नेपालको सुरक्षा चुनौती मध्यनजर गर्दै भिसामा कडाइ गरेको हुन सक्ने व्यवसायीहरूको भनाइ छ । यूएईका व्यवसायीहरूले नेपाली मेननपावर व्यवसायीलाई दिएको जानकारी अनुसार पहिचान, नागरिकता, भन्सार र बन्दरगाह सुरक्षा कारण देखाउँदै संघीय प्राधिकरणले लेनदेन अस्वीकार गरेको जनाएका छन् ।

जसका कारण भिसाका लागि दिइएको आवेदन अस्वीकृत गरिएको जानकारी आइरहेको छ । भिसाका हकमा ‘यो व्यक्तिका लागि भिसा जारी गर्न सकिँदैन’ भनेर अस्वीकृत गर्दै आएको छ । पछिल्लो समय भिसा आवेदन दिएका सबैको अस्वीकृत भइरहेको डिम्दोङले बताए । यूएईका हकमा नयाँ भिसा जारी नभए पनि यसअघि नै भिसा जारी भइसकेका हकमा भने जान पाइरहेका छन् । यूएईले सुरक्षा कारण देखाउँदै भिसा दिन बन्द गरेसँगै दैनिक ५ सयभन्दा बढी नेपाली यूएई जानबाट रोकिएका छन् ।

गत वर्ष सबैभन्दा बढी नेपाली यूएई नै गएका थिए । यो आर्थिक वर्ष दुई महिनामा मात्रै ५० हजार नेपाली रोजगारीका लागि यूएई गएका छन् । यूएईले ३०भदौदेखि भिसा दिन रोकेसँगै नेपाली अन्य मुलुकको विकल्प खोज्न थालेका हुन् ।

गत वर्ष ४९ हजार १ सय ८७ जनाले मलेसियाका लागि श्रम स्वीकृति (पुनस् श्रम स्वीकृति सहित) लिएका थिए । त्यस्तै १ लाख ५२ हजार ५ सय ५७ जनाले साउदी र ४२ हजार ९ सय ८६ जनाले कतारका लागि श्रम स्वीकृति (पुनस् श्रम स्वीकृति सहित) लिएका थिए ।

# हात्ती भगाउने पुराना तरिका असफल, कञ्चनपुरका किसान चिन्तित

**कञ्चनपुर–** ‘साइरन बजाउँदा, उज्यालो देखाउँदा, पटाका पड्काउँदा पनि हात्ती तर्सिन छाडेका छन्, शुक्लाफाँटा नगरपालिका-६ कसरौलका किसान दामोदर जोशी भन्छन्, ‘अब त आगो बाल्दा वा टायर बालेर धपाउन खोज्दा पनि हात्ती टसकोमस हुँदैन ।’

शुक्लाफाँटा नगरपालिकाका अधिकांश किसानको साझा पीडा अहिले हात्ती आतङ्क बनेको छ । ‘पहिले सजिलै धपाइने हात्तीका बथान अहिले यिनै तरिकामा ‘अभ्यस्त’ भइसकेका छन्, त्यसैले भाग्न छाडेका छन्’, उनी भन्छन् ।



उनका अनुसार दुई दिनअघि मात्रै नगरपालिका-५ गर्जमुनी गाउँको धानबारीमा पसेका करिब दुई दर्जन हात्तीलाई किसान, प्रहरी, निकुञ्ज सुरक्षार्थ नेपाली सेना र निकुञ्जका सुरक्षाकमीले निकै प्रयास गर्दा पनि निकाल्न सकेनन् ।

साँझ ८:०० बजे खेतमा पसेको हात्ती बिहान ४:०० बजेसम्म त्यहीँ रहेर धान खाए र कुल्चेर नष्ट गर्‍यो । टन्न भएपछि मात्रै हात्ती स्याली नदी तर्दै बिहानपख निकुञ्जतर्फ लागेको जोशीले बताए ।

वडाध्यक्ष चक्रबहादुर खड्काका अनुसार, एकै रातमा गर्जमुनिका किसानको करिब १० बिघाको पाक्नै लागेको धानबारी सखाप भएको छ । यसअघि पनि हात्तीले त्यसै ठाउँका किसानको तीन बिघा धानबालीमा बाला नलाग्दै क्षति पुर्‍याएका थिए । ‘पहिले होहल्ला गर्दा, टिन ठटाउँदा, आगो बाल्दा वा पटाका पड्काउँदा हात्ती भाग्ने गरेका थिए’, उनले भने, ‘अहिलेका हात्तीलाई यस्ता तरिकाले धपाउन सकिँदैन ।’

‘हात्ती बुद्धिमान जनावर भएकाले पटक-पटक एउटै अनुभव भएपछि त्यसलाई सहजै चिन्छ त्यसैले अहिले यस्ता उपायले काम गर्दैन’, उनी भन्छन् । विगतमा मेसवायर जडान गर्दा केही समय हात्ती बस्तीमा पसेका थिएनन् । तर पछिल्ला दुई वर्षयता हात्तीले बार भत्काएर खेतबारी र गाउँ पस्न थालेको पूर्ववडाध्यक्ष जगतबहादुर सिंहले बताए ।

उनका अनुसार, स्याली नदी किनारमा गरिएको दुई-स्टेपको तारजाली र तटबन्ध भएको क्षेत्रमा हात्ती छिरेको छैन । सम्भावित क्षेत्रको पहिचान गरेर यस्तै संरचना निर्माण गर्न जरुरी छ । जसबाट हात्तीको आतङ्क रोक्न सकिन्छ भने अर्कोतर्फ नदीका कारण भूक्षय हुने क्रमलाई रोक्न सकिन्छ ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज नजिकका बस्तीमा हरेक वर्ष हात्तीको बथानले ठूलो क्षति पुर्‍याउँदै आएको छ । पछिल्ला तीन दिनमै शुक्लाफाँटा नगरपालिकाको वडा नं ५, ६ र ७ का किसानको धानबारीमा करिब एक दर्जन परिवारले ठूलो क्षति बेहोरेका छन् ।

वडा नं ७ सिमलफाँटाका किसान दानसिंह कुँवर भन्छन्, ‘धानबारीसँगै हात्ती गाउँभित्रको सडकसमेत हिँड्न थालेका छन्, यसले मानवीय क्षतिसम्मको जोखिम बढेको छ”, सुनदेवी उपभोक्ता समितिका अध्यक्ष भरतबहादुर विष्ट विद्युतीय सायरनसहितको फेन्सिङ प्रविधि ल्याउनुपर्नेमा जोड दिन्छन् । उनका अनुसार, बाँके र बर्दियामा यो प्रविधि प्रभावकारी देखिएको छ । त्यहीँ अभ्यासलाई शुक्लाफाँटामा पनि लागू गर्नपर्ने हुन्छ । ‘योभन्दा अर्को विकल्पले हात्तीलाई बस्तीमा आउनबाट रोक्न सकिँदैन’, उनले भने, ‘यसका लागि सम्बन्धित पक्षले चासो देखाउनुपर्ने हुन्छ ।’

एक अध्ययनअनुसार हात्तीलाई दैनिक करिब २०० किलो खाना आवश्यक पर्छ । मकै, धान, गहुँ, मसुर, उखु र केराजस्ता बालीको गन्धले हात्तीलाई टाढैबाट आकर्षित गर्छ । नगरपालिका-६ का वडाध्यक्ष दानसिंह ऐर भन्छन्, ‘यस्ता बाली निकुञ्ज छेउछाउमा लगाउनुहुँदैन, यसको सट्टा मेन्था, अदुवा, क्यामोमाइल, बेसार वा खुर्सानी लगाउन सकिन्छ तर यी बालीको किसानले पहिले खेती नगरेका भने होइनन्, बजार नपाउँदा लगाउन छाडेका छन् ।’

जडीबुटीजन्य बालीको खेतीसँगै प्रशोधन गर्नका लागि मेसिन समेत राखेको उल्लेख गर्दै उहाँले यस्ता खेतीको बजार नपाउँदा छाड्दै गएको बताए । ‘जडीबुटीजन्य बाली हात्तीले नष्ट नगर्ने मात्र नभई किसानको आयस्तर बढाउन पनि सहयोगी हुन्छन्, उनले भने, ‘बजार प्रवर्द्धन गर्न र किसानलाई लगाउन उत्प्रेरित गर्छौं ।’


हात्तीलाई धपाउने परम्परागत तरिका काम नलाग्ने भएकाले नयाँ प्रविधि, वैज्ञानिक अध्ययन र बस्तीमैत्री रणनीति बनाइनुपर्ने विज्ञहरूको भनाइ रहेको छ । स्थानीय तह, प्रदेश र सङ्घीय सरकारसँगै दातृ निकायले सहकार्य गरेर नदी किनारमा तटबन्ध, इलेक्ट्रिक फेन्सिङ, वैकल्पिक बाली खेती र समुदायलाई प्राविधिक सहयोग उपलब्ध गराउन आवश्यक भएको स्थानीय किसानको भनाइ रहेको छ ।

निकुञ्जसँग जोडिएका बस्तीहरूमा मानव-हात्ती द्वन्द्व बर्सेनि बढ्दै गएको छ । भारतको दुधुवा नेशलपार्क हुँदै निकुञ्ज छिर्ने हात्तीले बर्सेनि यस क्षेत्रमा बालीनालीमा क्षतिसँगै मानवीय र भौतिक क्षति निम्त्याउँदै आएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ९,
२०८२ साल असोज ७ गते मंगलबार
23 SEPTEMBER 2025, TUESDAY

# निजामती कर्मचारीमा जेनजी समूह गठनको प्रयास



**काठमाडौं–** निजामती कर्मचारीमा जेनजी समूह गठनको प्रयास भएको छ। यसका लागि उनीहरूले अभियान सुरु गरेका छन्।

सहसचिवस्तरका कर्मचारीसम्म संगठित भएर उनीहरू अगाडि बढ्न खोजेका छन्। एक कर्मचारीका अनुसार अभियान सुरु गराउने कोर टिममा काठमाडौंमा कार्यरत २५ जना निजामती कर्मचारी रहेका छन्। उनीहरूबीच दुई चरणमा छलफल भएको छ।

'पहिलो चरणमा परिचयात्मक जस्तो भयो र अन्य कर्मचारीको राय बुझ्ने कुरा भयो। त्यसपछि दोस्रो चरणको छलफल गर्‍यौं, उनी भन्छन्, 'दोस्रो चरणको छलफल गर्दा सम्म देशभरका कर्मचारीहरूसम्म अभियानबारे सञ्चार हुन सकेको र करिब पाँच सय कर्मचारी सम्पर्कमा आएको रिपोटिङ भएको छ।

दोस्रो चरणको छलफलपछि उनीहरूले 'सार्वजनिक प्रशासन रूपान्तरण अभियान २०८२ घोषणा गरेका छन्। अभियानमा जोडिन अपील गर्दै उनीहरूले अभियानका उद्देश्यहरू समेत सार्वजनिक गरेका छन्।

'अहिलेको अभियान लुज फोरम जस्तो हो। जेनजीको आन्दोलनमा सुशासनबारे जुन माग उठेका थिए त्यसलाई समर्थन गरौं भन्ने हो। अभियानमा संलग्न अर्का कर्मचारी भन्छन्, 'जेनजीको आन्दोलनमा उठेका राजनीतिक कुरा हामीसँग जोडिँदैन। तर, सुशासनको कुरा हामीसँग जोडिन्छ।

उनका अनुसार जेनजीको आन्दोलनको जगमा टेकेरै अभियान सुरु गरिएको हो। प्रशासनमा सुधार आवश्यक छ भनेर उनीहरू अगाडि सरेका हुन्। '१० प्रतिशत गलत छ भने बाँकी ९० प्रतिशतले किन भारी बोक्ने ?' उनी भन्छन्, 'कर्मचारीतन्त्रमा सुधार नभए सुशासनमा सुधार आउँदैन भन्ने हाम्रो ठहर छ। कोर टिमका सदस्यहरू आफूहरू स्वतस्स्फुर्त रुपमा अगाडि बढेको बताउँछन्। कर्मचारीमा सुशासन कायम गर्न संगठित हुन लागिएको तर, दलीय ट्रेड युनियन जस्तो बनाउन नखोजिएको उनीहरूको दाबी छ। 'एजेण्डामा आधारित भएर युनाइटेड हुने हो। आन्दोलनबाट आउनु भएका जेनजीहरू भोलि पाटी हुनुहोला, त्योसँग हाम्रो सम्बन्ध हुने छैन,एक कर्मचारी भन्छन्, 'हामी दलीय ट्रेड युनियन नै खारेज गर्नुपर्छ भनिरहेका छौं। भोलि हामी दलीय ट्रेड युनियन जस्तो हुने गरी विरोधाभासपूर्ण कार्य गर्दैनौं।

कोर टिमका सदस्यहरूका अनुसार केही दिनमा काठमाडौंमै राष्ट्रिय भेलाको तयारी हुँदैछ। राष्ट्रिय भेलामार्फत् संयोजक तोकेर औपचारिक रूपमै अगाडि बढ्न खोजिएको छ।

सार्वजनिक प्रशासन रूपान्तरण अभियान-२)८२ को नामबाट जारी अपील सुरुमै नेपालको सार्वजनिक प्रशासन रूपान्तरण गर्ने अभियानमा प्रतिबद्ध रहेको भनिएको छ। जसमा जेनजी आन्दोलनका क्रममा उठाइएका मागलाई समर्थन जनाइएको छ।

'यही मिति २)८२ भदौ २३ र २४ गते नवयुवा पुस्ता (जेनजी) को नेतृत्वमा मुलुकमा भएको आन्दोलनको मूल माग भ्रष्टाचारको अन्त्य र सुशासनको बहालीप्रति पूर्ण सहमति जनाउँछौं। अपीलमा भनिएको छ।

भष्टाचारमुक्त र सुशासनयुक्त सार्वजनिक प्रशासन निर्माण गरी जेनजी आन्दोलनको मूल मर्म र भावनालाई कार्यान्वयन गर्न सार्वजनिक प्रशासन रुपान्तरण अभियानको तर्फबाट ६ बुँदे आह्वान गरिएको छ।

१. मुलुकमा विद्यमान भ्रष्टाचार र कुशासनको अन्त्य गरी सुशासन कायम गर्ने जेनजी आन्दोलनको मुख्य माग र मर्मलाई व्यबहारमा रूपान्तरण गर्न सबै सम्बद्ध पक्षसँग आहान गर्दछौं।
२. राजनीतिक तथा प्रशासनिक नेतृत्वको अक्षमता, अकर्मण्यता, अदूरदर्शिता र गैरजिम्मेवारीपनका कारण हालको परिस्थिति उत्पन्न भएको पुष्टि भई तत्कालीन राजनीतिक नेतृत्वको वहिर्गमन भैसकेको सन्दर्भमा सोही राजनीतिक नेतृत्वको मतियारको रूपमा रहेका हालको प्रशासनिक नेतृत्वबाट रूपान्तरण सम्भव नहुने ठहर गर्दै नेपाल सरकारका मुख्यसचिव, संघीय संसदका महासचिव, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार र गृहसचिव लगायतका जिम्मेवार पदाधिकारी एवं कर्मचारीहरूको तत्काल बर्खास्त गर्न नेपाल सरकार समक्ष जोडदार माग गर्दछौं।
३. निजामती कर्मचारी, सुरक्षाकमी लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूको मनोबल उच्च बनाई सहज र सुरक्षित कार्य वातावरण तत्काल निर्माण गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त एवं प्रभावकारी बनाउन आह्वान गर्दछौं।
४. सार्वजनिक प्रशासनमा कर्मचारी सरुवा, बढुवा लगायतका वृत्रि् प्रणाली र सार्वजनिक सेवा प्रवाहको विकृति र विसङ्गतिको जडकोरूपमा रहेको विद्यमान दलीय ट्रेड युनियन तत्काल खारेज गर्न माग गर्दछौं।
५. संविधान जारी भएको १) वर्ष वितिसक्दा पनि राजनीतिक नेतृत्वको गैरजिम्मेवारी तथा प्रशासनिक नेतृत्वको स्वार्थको दाउपेचको कारण हालसम्म जारी हुन नसकेको संघीय निजामती सेवा ऐन लगायतका सार्वजनिक सेवालाई व्यवस्थित गर्ने अन्य कानूनहरू तत्काल जारी गर्न माग गर्दछौं।
६. सम्पूर्ण देशभक्त र रुपान्तरणप्रेमी राष्ट्रसेवक कर्मचारीहरूलाई सार्वजनिक प्रशासन रूपान्तरणको यस महाअभियानमा एकताबद्ध भई जेनजी आन्दोलनको मर्म बमोजिम नेपाल र नेपालीको सुनौलो भविष्य निर्माणमा गोलबद्ध हुन सबैमा हार्दिक अपील गर्दछौं।

६ बुँदे आह्वानमार्फत उनीहरूले उच्च पदस्थ कर्मचारीहरूलाई बर्खास्त गर्न नै माग गरेका छन्। मुख्यसचिव एकनारायण अर्याल, संघीय संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेय, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार बिमल पौडेल, गृहसचिव गोकर्णमणि दुवाडी लगायतका जिम्मेवार पदाधिकारी एवं कर्मचारीहरूलाई तत्काल बर्खास्त गर्नुपर्ने माग उनीहरूको छ।

राजनीतिक तथा प्रशासनिक नेतृत्वको अक्षमता, अकर्मण्यता, अदूरदर्शिता र गैरजिम्मेवारीपनका कारण हालको परिस्थिति उत्पन्न भएको उनीहरूको निष्कर्ष छ। यही निष्कर्षका आधारमा उनीहरूले तत्कालीन राजनीतिक नेतृत्व वहिर्गमन भैसकेको दाबी गर्दै उच्च पदस्थ कर्मचारीहरूलाई हटाउनुपर्ने निचोड निकालेका हुन्। निजामती कर्मचारी, सुरक्षाकमी लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूको मनोवल उच्च बनाई सहज र सुरक्षित कार्य वातावरण तत्काल निर्माण गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त एवं प्रभावकारी बनाउन समेत कर्मचारीतन्त्रमा सुधार गर्नुपर्ने उनीहरूको आह्वान छ। साथै, जेनजी आन्दोलनको मर्म बमोजिम एजेण्डागत रूपमा हुन लागेको अभियानमा गोलबद्ध हुन समेत कर्मचारीहरूलाई अपील गरिएको छ।

## अन्तराष्ट्रिय

# पेरुमा पनि सुरु भयो जेन–जी प्रदर्शन



**काठमाडौं–** यो प्रदर्शन 'जेनेरेसन जी' युवा समूहले आयोजना गरेका हुन्। उनीहरूले संगठित अपराध, सार्वजनिक पदमा भइरहेको भ्रष्टाचार र हालै लागू गरिएको पेन्सन कोषसम्बन्धी कानुनी व्यवस्थाविरुद्ध आवाज उठाएका हुन्।

'हाम्रो देशको लोकतन्त्र पहिलेभन्दा झन् कमजोर बनेको छ,' एक प्रदर्शनकारी ग्लाडिस भन्छिन्, 'डर-त्रास र असुलीका कारण अवस्था बिग्रँदै गएको छ।'

सहरको केन्द्र भागमा करिब ५ सयजना भेला भएका थिए। प्रहरीको बाक्लो उपस्थितिबीच उनीहरू कार्यपालिका र संसद् भवनतर्फ अघि बढ्न खोज्दा झडप भएको हो। प्रदर्शनमा सहभागी सेलेने अमासिफुएनले भनिन्, 'संसद्को कुनै विश्वसनीयता छैन। यसले जनताको समर्थन गुमाइसकेको छ। यसले देशलाई नै विनाशतिर धकेलेको छ।'

स्थानिय रेडियो स्टेसन 'एक्सितोसा'का एक पत्रकार र क्यामेराम्यान प्रहरीको छर्राबाट घाइते भएका छन् भने प्रहरीका कम्तीमा तीनजना अधिकारी घाइते भएको प्रहरीले जनाएको छ।

राष्ट्रपति डिना बोलुआर्तेको लोकप्रियता स्वाट्टै घटेको छ, उनको कार्याकाल आगामी वर्ष समाप्त हुँदै छ। अपराध र असुलीका घटनाहरू बढ्दै जाँदा जनता असन्तुष्ट बनेका छन्। उनीहरूले सरकार र दक्षिणपन्थी बहुमत रहेको संसद्लाई भ्रष्ट निकायका रूपमा लिने गरेका छन्।

यसै हप्ता मात्र संसद्ले एउटा विवादास्पद कानुन पारित गरेको थियो। त्यसमा युवाहरूलाई निजी पेन्सन कोषमा अनिवार्य रूपमा सहभागी हुनुपर्ने व्यवस्था गरेको छ। यसलाई बेरोजगार र अस्थायी रोजगारीमा रहेका युवाहरूले अस्वीकार गरेका छन्।

# गुल्मीमा प्रहरीले सुरु गर्‍यो हेल्प डेस्क




**काठमाडौं–** गुल्मीमा दशैं, तिहार पर्वका बेला यात्रुहरूलाई सुरक्षित यात्राको व्यावस्था मिलाउन नागरिक सहायता कक्षको स्थापना गरिएको छ।

जिल्ला प्रहरी कार्यालय गुल्मी र जिल्ला ट्राफिक प्रहरी कार्यालय गुल्मीले नागरिक सहायता कक्षको स्थापना गरेका हुन्। जिल्लाको सदरमुकाम तम्घासको तम्घासको बुढाथोकी बसपार्क र उदिनढुङ्गा बसपार्क, वामी, रिडी बसपार्क, श्रृङ्गासहित विभिन्न १ दर्जन बढी स्थानमा नागरिक सहायता कक्षको स्थापना गरिएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी उपरीक्षक शंकर नारायणप्रसाद अधिकारीले बताए।

सहायता कक्षको स्थपाना गर्दै जिल्लाका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद कोइरालाले गुल्मीबाट बुटवलको छुट्ने बसको चालकलाई फूल माला लगाएर सुरक्षित यात्राको कामना सहित सुरु गरेको थियो। दशैं तिहारको समयमा बसपार्क क्षेत्रमा अत्यधिक भिड हुने भएकाले नागरिकको सहजताको लागि सहायता कक्ष स्थापना गरिएको प्रहरी उपरीक्षक अधिकारीले बताए।

यो अवधिमा जाँच, ओभर लोड र मापसे जाँचलाई कडाइका साथ लैजाने उनले बताए। यात्रा गर्दा नागरिकले अनावश्यक सास्ती भोग्नुपर्ने, लुटिने तथा कुटिने चर्को मूल्य तिर्नु पर्ने समेतका घटनालाई मध्यनजर गरी नागरिक सहायता कक्ष स्थापना गरिएको हो।

सहायता कक्षवाट सबै नागरिकलाई सचेत भएर यात्रा गर्नका लागि जनचेतना फैल्याउने काम प्रहरीले गर्ने प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद कोइरालाले बताए। सहज र सरल तरिकाबाट यात्राका लागि वातावरण तयार गर्न यात्रु र सम्बन्धित यातायात व्यवसायी संघ, संस्थासंग समन्वय गर्ने काम प्रहरील गर्ने कोइरालाले बताए।

चाडपर्वका बेला हुनसक्ने आपराधिक क्रियाकलाप नियन्त्रण, सवारी दुर्घटना न्यूनिकरण गर्न र सहज यात्राका लागि पनि नागरिक सहायता कक्षबाट काम हुने प्रमुख जिल्ला अधिकारी कोइरालाको भनाइ छ। तम्घासको बसपार्कमा स्थापना भएको सहायता कक्षमा चौबिसै घण्टा प्रहरीहरूले सेवा प्रदान गर्नेछ। यात्रुहरूलाई सजग र सुरक्षित यात्राका लागि समय समयमा जनचेतना मूलक सन्देश प्रवाह प्रहरीले गर्नेछ। नागरिक सहायता कक्षमा नागरिकले आफ्ना समस्या र गुनासाहरू पनि राख्न सक्नेछन्।

**जनजीवन सामान्य...**

गन्तव्यस्थलमा गएका हुन्। कार्यालयका अनुसार असोज १ गते ३४ हजार ५५६, असोज २ गते ३६ हजार १ सय, असोज ३ गते ४० हजार ५ सय ५५, असोज ४ गते ३४ हजार ८ सय ७९ र असोज ५ गते ४३ हजार १ सय २४ यात्रु उपत्यकाबाट बाहिरिएका हुन्। यस वर्ष सडकको दूरावस्थाका कारण यात्रुहरूलाई आवतजावतमा समस्या परेको छ। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका महासचिव डेकनाथ गौतमले बर्सातका कारण राजमार्गमा पहिरो जाँदा सवारीसाधनलाई आवतजावतमा समस्या परेको बताए।

'मुग्लिङ-नारायणघाट सडकखण्डमा पहिरो जाँदा घन्टौँसम्म बस बाटोमा रोकिएका छन्, जसका कारण समयमै काठमाडौँमा बस नआउँदा यात्रुलाई गन्तव्यस्थलसम्म पठाउन समस्या भएको छ, महासचिव गौतमले भने। अवरुद्ध राजमार्ग समयमै सञ्चालन गर्न उहाँले सरकारलाई आग्रह गरे। पछिल्ला दिनमा काठमाडौँ गोङ्गबुस्थित राष्ट्रिय बसपार्क नयाँबसपार्कमा समेत दसैँमा घर जाने यात्रुको चाप बढ्न थालेको छ। नयाँबसपार्क सञ्चालन गरेको लोत्से बहुउद्देश्यीय प्रालिका मानव संशाधन प्रमुख पङ्कज मल्लले अन्य समयको तुलनामा नयाँ बसपार्कबाट घर जाने यात्रुको सङ्ख्या बढेको छ। उनका अनुसार अन्य समय चार पाँच हजार हाराहारीमा यात्रु नयाँबसपार्कबाट बाहिरिने गरेकोमा अहिले उक्त सङ्ख्या बढेर दैनिक १५ हजारभन्दा बढी पुगेको छ।

**अर्थमन्त्रीलाई इमेल...**

अर्थ मन्त्रालयले जनाएको छ। कर्मचारीले काम नगरेको, गर्नुपर्ने काम नगरेको वा अनुचित कामका लागि दबाब दिएमा समेत यस्तो गुनासो गर्न सकिने भएको छ। घुस वा रिसवत माग गर्दै काममा अनावश्यक ढिलासुस्ती वा सेवा प्रवाहमा कठिनाइ भए सिधै अर्थमन्त्रीको इमेलमा पठाउन सकिने समेत अर्थले जनाएको छ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# दोस्रो क्रिएटिभ अन्तर्राष्ट्रिय म्युजिक अवार्ड २०२५ सम्पन्न

**काठमाडौं–** एक्टिभ म्यूजिक प्रा.लि.को आयोजनामा दोश्रो संस्करणको क्रिएटिभ अन्तर्राष्ट्रिय म्युजिक अवार्ड २०२५ को ग्रान्ड फिनाले समारोह सम्माननीय पूर्व उपराष्ट्रपति नन्द बहादुर पुनको प्रमुख आतिथ्यतामा सोमबार काठमाडौंको चाबहिलस्थित चलचित्र विकास बोर्डको सभाहलमा भव्य र सभ्य रुपमा सम्पन्न भएको छ ।

वरिष्ठ कलाकार, सञ्चारकर्मी, समाजसेवी तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको कार्यक्रममा संगीत तथा गीतसाहित्य क्षेत्रका २३ विधामा अवार्ड प्रदान गरिएको आयोजकले जनाएको छ ।

निर्देशक, सर्जक तथा कलाकार विजेन्द्र नौबागेको सभापतित्वमा सम्मन्न कार्यत्रमको विशिष्ठ अतिथि चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौला रहेका थिए भने विशेष अतिथिहरुमाः वरिष्ठ निर्देशक तथा कलाकार शुभाष प्रसाद गजुरेल, चलचित्र निर्माता संघका अध्यक्ष नायक नवल खड्का, गायक तथा संगीतकार विभि अनुरागी, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका अध्यक्ष वरिष्ठ गायिका रिता थापा, संगीतकार संघका अध्यक्ष अष्ट लामा, धुलिखेल नगरपालिका काभ्रेका प्रमुख प्रशासकीय अधिकृत मोहन मरासेनी, हमिालय टायम्स पत्रिकाका वरिष्ठ पत्रकार कृष्ण भुसाल, मध्यान्ह दैनिकका प्रधान सम्पादक मदन कुमार श्रेष्ठ, जनसवाल दैनिकका प्रधान सम्पादक राम्जी बगाले, जनआकाश राष्ट्रिय साप्ताहिकका अध्यक्ष मोहन कार्की, वरिष्ठ लोक तथा दोहोरी गायक घमेस दुलाल, कलाकार शितल कोसी, रंगपत्रकार गीता अधिकारी, स्याङ्जा काठमाडौं सम्पर्क समन्वयन समितिका अध्यक्ष प्रितम किसान, हरित शान्ति समाजका अध्यक्ष सन्तु गिरि, वयलकम इन्टरनेशनल पालिका अध्यक्ष देवेन्द्र सारु मगर, पपुलर ग्रुप प्रा.लि. का अध्यक्ष गणेश बहादुर थापा, सुन्दर परिकल्पना समाजका अध्यक्ष मनु बाठा मगर, नेपाली उपभोगक्ता



संरक्षण महासंघका अध्यक्ष चन्द्र साउद, राष्ट्रिय मानव अधिकार प्रतिष्ठानका अध्यक्ष भवानी प्रसाद खरेल, मानव अधिकार तथा शान्ति प्रतिष्ठान नेपालका अध्यक्ष मान बहादुर थापा रहेका थियो ।

कार्यक्रममा 'लोक स्वर सम्राट' राजु परियारलाई रजत सम्मान प्रदान गरिएको थियो । त्यस्तै, वरिष्ठ गायिका देविका बन्दनालाई सदाबहार गायिका सम्मान, टिका पुनलाई दशक सम्मान, सञ्चारकर्मी डि.वि. पराजुलीलाई सञ्चारकर्मी सम्मान, राजु खड्कालाई संगीत सादक सम्मान, सामना शाहालाई गीतकार सम्मान लगायत विभिन्न श्रेणीमा व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो ।

नेपाली चलचित्र क्षेत्रकी पहिलो महिला निर्देशक सुचित्रा श्रेष्ठ, चलचित्र निर्माता शर्मिला पाण्डे, चरित्र अभिनेत्री रश्मि भट्ट, छायाँकार केशव अधिकारी, भिडियो सम्पादक इनिश बुढाथोकी, बाल कलाकार मञ्जली तामाङ र आरिया शाही, उद्घोषक दिपेन्द्र शाही, कलाकार दिनेश डाँगी, मोडल देव महतो लगायत अन्य कलाकारलाई समेत सम्मान प्रदान गरिएको थियो ।

त्यसै गरी समाजसेवि सम्मानबाट सम्मानित हुनुहुनेहरुमा : दुर्गा लम्माल, सुशीला कट्टेल गैरे, राम कुवँर, अभिचन्द्र कार्की, ज्ञानेन्द्र गौतम, रमिता बस्नेत रहेका थिए । महिला उद्यमी सम्मानबाट हिमा कुमारी मल्ल, उमा मिश्र सम्मानित हुदै गर्दा स्वयंसेविका सम्मानबाट दुर्गा न्यौपाने र अमृता नौबागे सम्मानित भए भने कार्यक्रम सञ्चालक दिपेन्द्र शाहीले उद्घोषक सम्मान हात पारेका थिए ।

दोस्रो क्रियटिभ इन्टरनेशनल म्यूजिक अवार्ड २०२५ का निर्णायक समूहका साउण्ड इन्जिनियर डिका गुरुङ्ग, गायक भुवन प्यासी, ओम प्रकास राई, रमेस श्रेष्ठ, भुवन प्रकास बडु सम्मानित भएका थिए ।

सर्वोत्कृष्ट अवार्ड प्राप्त गर्नेहरुमा आधुनिक गायक रुपक डोटेल, आधुनिक गायिका नृत्यशिवा, लोक तथा दोहोरी गायिक माधप भण्डारी, लोक तथा दोहिरी गायिका सुनिता सुनार, लोक आधुनिक गायक सुरेश अञ्जान, म्युजिक भिडियो निर्देशक जेरि भण्डारी, लोक तथा दोहोरी शब्द भीष्मराज फुलारा, काठे लोक गीत लय सङ्कलक मौलिक गीत गायिका मञ्जु बिक, लोक तथा दोहोरी गीत लय सङ्कलन मीन प्रकाश वलि, लोक तथा दोहोरी गीत म्युजिक भिडियो मोडल सागर लम्साल 'बले', लोक तथा दोहोरी गीत म्युजिक भिडियो मोडल महिला अस्मिता रणपाल, लोक तथा दोहोरी गीत म्युजिक भिडियो नव मोडल रञ्जना भुजेल, आधुनिक गीत संगीतकार रबिन्द्र शाही, आधुनिक गीतकार प्रनिल प्रधान, एरेन्जर सुनिल परियार, रेकर्डिस सरोज खड्का, पप गीत गायक सुर्य मुम्बा तामाङ, मौलिक गीत गायक जुरि अवार्ड हुम गैरे, आधुनिक गीत म्युजिक भिडियो मोडल महिला सञ्चिता शाही, आधुनिक गीत गायक पब्लिक च्वाईस अवार्ड उत्सब सुब्बा लामा, आधुनिक गीतकार जुरि अवार्ड मोहन लिम्बु, आधुनिक गीत म्युजिक भिडियो मोडल पुरुष दिनेश कठायत रहेका थिए ।

दोस्रो क्रियटिभ इन्टरनेशनल म्यूजिक अवार्ड २०२५ लाई सफल बनाउन सहयोग गर्ने धुलिखेल नगरपालिका, कृष्ण श्रेष्ठ, श्रेष्ठ सम्लायर्स, पपुलर ग्रुप लि।, गंगबु, सुटमाला बागबजार र चलचित्र विकास बोर्डलाई पनि सम्मान गरिएको थियो भने पपुलर ग्रुप प्रालि टोखाले सम्मानित व्यक्तित्वहरुलाई उपहार स्वरुप आफ्ना उत्पादनहरु प्रदान गरेका थिए ।

# गायक तथा सङ्गीतकार चेतन राईको पाँचौ गीत सङ्ग्रह

**काठमाडौं–** नेपाली सङ्गीत क्षेत्रमा आफ्नो छुटुटै पहिचान बनाउन सफल गायक तथा सङ्गीतकार चेतन राईको पाँचौं गीति सङ्गह 'स्पिड' र सोही सङ्गह अन्तर्गतको 'हाँसिदेउन' बोलको नयाँ म्युजिक भिडियो भव्य रूपमा सार्वजनिक गरिएको छ ।

राजधानी काठमाडौंमा आयोजित विशेष समारोहमा वरिष्ठ सङ्गीतकार राजु सिंह प्रसिद्ध गीतकार लोकराज अधिकारी प्रसिद्ध सङ्गीतकार सन्तोष श्रेष्ठ लगायतले गीति सङ्गहको सामूहिक विमोचन गरेका थिए । कार्यक्रममा बोल्दै प्रमुख अतिथि राजु सिंहले चेतन राईको सङ्गीतमा रहेको गहिरो लगाव, मेहनत र मौलिकतालाई विशेष प्रशंसा गर्दै भने, "चेतन बहुप्रतिभा भएका कलाकार हुन् । उनी गीतकार, सङ्गीतकार र गायक मात्र नभई निर्देशन र सिर्जनात्मकतामा पनि समान रूपले खारिएका व्यक्तित्व हुन् । उनका गीतहरूले नेपाली सङ्गीतको स्तरलाई अझ उचाइमा पुर्याउनेछ ।"

त्यस्तै, गीतकार अधिकारीले तीन दशकअघि चेतनसँगको पहिलो भेटलाई स्मरण गर्दै भने, "त्यसै बेला मैले चेतनमा एक फरक सोच भएका प्रतिभाशाली कलाकार देखेको थिएँ । आज उनी निरन्तर सङ्गीत सिर्जनामा लागिरहेकाले निकै गर्व लागेको छ । चेतनसँग दुई गीतमा सहकार्य गर्ने मौका पाउनु मेरो सौभाग्य हो ।"

सङ्गीतकार सन्तोष श्रेष्ठले पनि डेढ दशकदेखि चेतनलाई चिनेको अनुभव सुनाउँदै भने, "चेतन सधैं मौन तर कर्मशील कलाकार हुन् । उनी बाहिर देखाउनभन्दा पनि काम गरेर देखाउन विश्वास गर्ने स्वभावका छन् । यसरी निरन्तर सिर्जनामा



लागिरहनु उनीभित्रको वास्तविक सङ्गीत साधना हो ।"

यस अवसरमा गायक तथा सङ्गीतकार चेतन राईले आफ्नो सङ्गीतिक यात्राको भावनात्मक अभिव्यक्ति दिँदै भने, "सङ्गीत मेरो जीवनको आत्मा हो । सुरु देखि नै श्रोता, दर्शक र सर्जक साथीहरूको साथ र प्रेरणाले मलाई यहाँसम्म ल्याएको हो । मैले बनाएका प्रत्येक गीतमा मेरो अनुभव, माया र जीवनका उतारचढाव मिसिएको हुन्छ ।"

सार्वजनिक गरिएको 'हाँसिदेउन' बोलको भिडियोमा कलाकार सुजन सुवेदी र ज्योति खड्काको दमदार अभिनय रहेको छ । भिडियोलाई स्वयं गायक चेतन राईले निर्देशन गरेका छन् भने, छायांकन सविन तिमल्सिना, सम्पादन तथा रङ संयोजन राज धामीले गरेका हुन् । गीतका शब्द सुप्रसिद्ध गीतकार लोकराज अधिकारीका हुन् भने सङ्गीत संयोजन सबिर कार्कीले गरेका हुन् ।

चेतन राईको यसअघि सार्वजनिक भएका गीतहरूलाई -दर्शकले विशेष रुचाइरहेका छन् । उनको स्वरमा रहेको मिठास र भावनात्मक गहिराइले श्रोताहरूको मन जित्ने गरेको छ । नेपाली सङ्गीत क्षेत्रमा निरन्तर आफ्नो योगदान दिँदै आएका चेतन राईलाई आजको पुस्ताले मात्र नभई भावी पुस्ताले पनि प्रेरणाको स्रोतका रूपमा हेर्ने विश्वास गरिएको छ ।

# फूलपातीबाट पनि सऱ्यो 'अभिमन्यु'

**काठमाडौं–** सस्पेन्स थ्रिलर फिल्म 'अभिमन्युः च्याप्टर वान'को प्रदर्शन मिति पुनः सरेको छ ।

जेनजी आन्दोलनका कारण भदौ २७ गतेबाट सरेर असोज १३ गते फूलपातीमा पुगेको यो फिल्म अब असोज २४ गतेबाट प्रदर्शनमा आउने भएको छ । आइतबार निर्माता कम्पनी सेभेन सिज सिनेमाले एक विज्ञप्ति जारी गर्दै फिल्मको नयाँ प्रदर्शन मिति घोषणा गरेको हो ।

विज्ञप्तिमा भनिएको छ, 'भदौ २७ गते प्रदर्शन गर्ने तयारीमा रहेको 'अभिमन्यु' देशमा चलेको जेनजी आन्दोलनका कारण स्थगित गर्नुपरेको थियो । असोज १३ मा धेरै फिल्म रिलिज हुने भएकाले पर्याप्त शो सुनिश्चित गर्न कठिन हुने देखियो । साथै यसले अन्य नेपाली फिल्मलाई पनि असर पार्ने भएकाले हामीले अन्तिम रुपमा असोज २४ गतेलाई प्रदर्शन मिति तय गरेका छौं ।'

विज्ञप्तिमा 'अभिमन्यु'को हिन्दी भर्सन पनि असोज २४ गतेदेखि विश्वव्यापी रूपमा प्रदर्शन हुने उल्लेख छ । सुशान्त गौतमको निर्देशनमा बनेको 'अभिमन्यु'मा कामेश्वरसँगै लक्ष्मी बर्देवा, शिशिर वाङ्देल, सरिता गिरी, गौमाया गुरुङ, किरण श्रेष्ठ लगायतको अभिनय




रहेको छ । शरद महतोको छायांकन रहेको फिल्ममा विनोद पौडेल र गुञ्जन गिरी निर्माताको रूपमा छन् भने सह-निर्माता रमेश चौलागाईं र हरि श्रेष्ठ हुन् । विनोद र रमेश कीर्तिमानी फिल्म 'पूर्ण बहादुरको सारङ्गी'का निर्माता हुन् ।

# आर्थिक सुधारका कार्यक्रमलाई थप तीव्रता

**काठमाडौं–** अर्थमन्त्री रामेश्वर खनालले अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) समेतको सुझावमा कार्यान्वयनमा रहेका आर्थिक सुधारका कार्यक्रमलाई थप तीव्रता दिइने बताएका छन् ।

सोमबार आईएमएफका नेपाल मिसन प्रमुख सरवत जहाँसँग भर्चुअल बैठक गर्दै अर्थमन्त्री खनालले यस्तो बताएका हुन् । बैठकमा मिसन प्रमुख सरवतले हालै नेपालमा विकसित राजनीतिक घटनाक्रमले अर्थतन्त्रमा पार्न सक्ने प्रभाव र आर्थिक सुधारका कार्यक्रम निरन्तरताका विषयमा अर्थमन्त्रीसँग छलफल गरेकी छन् ।

छलफलमा अर्थमन्त्री खनालले विशिष्ट परिस्थतिमा गठन भएको वर्तमान सरकारको मुख्य कार्य जिम्मेवारी तोकिएको समयमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्नु रहेको र हालै जेनजी युवाको नेतृत्वमा भएको प्रदर्शन क्रममा व्यक्त भएको सुशासन र स्वदेशमा नै रोजगारी सिर्जना गर्ने विषयमा सरकार कटिबद्ध रहेको जानकारी गराए ।

मन्त्री खनालले आईएमएफ समेतको सुझावमा कार्यान्वयनमा रहेका आर्थिक सुधारका कार्यक्रमलाई



थप तीव्रता दिइने जानकारी गराए । उक्त अवसरमा आईएमएफको सहयोगमा कार्यान्वयन भइरहेको 'एक्सटेन्डेड क्रेडिट फेसिलिटी (ईसीएफ) कार्यान्वयनको अवस्था समीक्षा गरी यसको छैटौं समीक्षा प्रतिवेदन छिट्टै आईएमएफ बोर्ड बैठकमा पेस गर्ने विषयमा छलफल भएको अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले जानकारी दिए ।

आईएमएफ मिसन प्रमुख सरवतले नेपालमा आर्थिक सुधारका कार्यक्रममा नयाँ सरकारसँग मिलेर काम गर्न तयार रहेको जानकारी गराएकी छन् । उक्त अवसरमा आईएमएफका नेपालस्थित आवासीय प्रतिनिधि प्रणव गुप्ताको समेत उपस्थिति थियो ।

# एससीटीले ल्यायो Smart Celebrations with SCT अफर




**काठमाडौं–** नेपाल राष्ट्र बैंकबाट भुक्तानी प्रणाली सञ्चालक अनुमतिपत्रप्राप्त संस्था स्मार्ट च्वाइस टेक्नोलोजिज लिमिटेडले नेपालमा १२०+ शाखा रहेको चेन स्टोर बिगमार्टमा यहि घटस्थापना देखि छठ सम्म Smart Celebrations by SCT अफर सुरु गर्दै छ ।

यस अफर अन्तर्गत ग्राहकहरूले बिगमार्टमा यहि असोज ६ गते देखि कार्तिक १० गते सम्म SCT–UnionPay कार्डबाट भुक्तानी गर्दा एकपटकमा १० %, अधिकतम रु १०० हुने गरी छुट प्राप्त गर्नेछन् ।

यसको लागी भुक्तानी गर्न SCT–UnionPay कार्ड प्रयोग गरी एइक् मेसिन मार्फतनै भुक्तानी गर्नु पर्नेछ । यो अफर घटस्थापना देखि छठ सम्म बिगमार्टको सम्पूर्ण शाखामा लागु हुनेछ ।

# एमसीए नेपालका परियोजना सम्पन्न गर्न सरकारको प्रतिबद्धता आवश्यक



**काठमाडौं–** अर्थमन्त्री रामेश्वर खनाल र नेपालका लागि अमेरिकाका राजदूत डिन आर थम्प्सनबीच भेटवार्ता भएको छ । सोमबार अर्थ मन्त्रालयमा भएको भेटमा नेपालको हालको परिवर्तित अवस्था र अमेरिकाले यस परिस्थितिमा नेपाललाई गर्न सक्ने सहयोगका विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ ।

उक्त छलफलमा अर्थमन्त्री खनालले विशिष्ट परिस्थितिमा गठन भएको वर्तमान सरकारको मुख्य कार्य तोकिएको समयमा निर्वाचन सम्पन्न गर्ने, पुनर्निर्माण योजना र सहुलियत प्याकेजका माध्यमबाट निजी क्षेत्रको मनोबल माथि उठाउनु रहेको बताए ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ९,
२०८२ साल असोज ७ गते मंगलबार
23 SEPTEMBER 2025, TUESDAY

# निजी क्षेत्रको कन्फिडेन्स बढाउँदै अर्थमन्त्री



**काठमाडौं–** अर्थमन्त्री रामेश्वर खनालले निजी क्षेत्रको मनोबल उकास्ने प्रयास थालेका छन् । खनाल अर्थ मन्त्रालयको नेतृत्व सम्हालेको भोलिपल्ट मंगलबारबाट निजी क्षेत्रलाई ढाडस दिन मैदानमा उत्रिएका छन् ।

नवनियुक्त अर्थमन्त्री खनालले अटो हबको रुप लिएको थापाथलीस्थित क्षतिग्रस्त शोरुम र भाटभटेनी सुपरमार्केटका स्टोरको अवलोकन गरेका छन् ।

उनले अर्थसचिव घनश्याम उपाध्यायलाई साथै लिएर गाडीका क्षतिग्रस्त शोरुम अवलोकन गर्दै व्यवसायीहरुलाई सरकारले आवश्यक सहयोग गर्ने आश्वासन दिएका छन् ।

मंगलबार साढे १२ बजेतिर पुगेका शोरुम अवलोकन गर्न पुगेका खनालले तोडफोड र आगजनीबाट भएको क्षतिको जानकारी दिँदै शोरुम पहिलेकै अवस्थामा ल्याउनका लागि आवश्यक सहयोग गर्ने आश्वासन दिएका हुन् । उनले व्यवसायीहरुलाई क्षति यकिन गरेर बीमाको रकम दाबी गर्ने प्रक्रिया अगाडि बढाउन आग्रह गरेका छन् ।

नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका अध्यक्ष करण चौधरीले आगजनी र तोडफोडले शोरुममा साथै गाडीहरु ध्वस्त भएको अवस्थामा अर्थमन्त्रीको आश्वासनले आफूहरुलाई पिडामा मल्हम मिलेको जस्तो अनुभूति भएको बताए ।

'उहाँले बीमामा क्षतिको दाबी गर्दा पाइने रकम पहिले नै सर्टेन प्रतिशत निकासा गर्ने व्यवस्था मिलाइदिने भन्नु भएको छ । यसले हामीलाई शोरुम बनाउन सहज हुन्छ,' चौधरीले भने, 'बीमामा सहजीकरण गरिदिने आश्वासनले हामीले काम गर्न पाउँछौं । एकातिर बीमाको प्रक्रिया चल्दै गर्छ, अर्कातिर क्षतिग्रस्त शोरुम बनाउने काम अगाडि बढ्छ ।'

जेनजीको नाममा भएको आन्दोलनका क्रममा भदौ २४ गते अराजक समूहले टाटा मोटर्स, महिन्द्रा, सुजुकी र हुन्डाईको थाथापलीस्थित शोरुमा तोडफोड गरेका थिए । टाटा मोटर्स, महिन्द्रा र सुजुकीको शोरुममा आगजनी समेत गरिएको थियो ।

सीजी ग्रुपको पूरै भवन क्षतिग्रस्त भएको थियो । तोडफोड र आगजनीमा ३० वटा गाडी ध्वस्त भएको व्यवसायीहरुले बताएका छन् । उनीहरुका अनुसार करिब ५० करोड रुपैयाँ बराबरको क्षति भएको छ । 'अर्थमन्त्रीले क्षतिग्रस्त शोरुम अवलोकन गरेर सहयोग गर्ने आश्वासन दिनुलाई हामी व्यवसायीहरुले सकारात्मक रुपमा लिएका छौं । यसले हाम्रो कन्फिडेन्ट बढाउने काम गरेको छ,' चौधरीले भने ।

नवनियुक्त अर्थमन्त्री खनालले सोमबार पद्बहालीका क्रममा नै निजी क्षेत्रको मनोकल उकास्नु आफ्नो प्राथमिकता भएको बताएका थिए । टाटा गाडीको आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङका प्रमुख कार्यकारी निर्देशक(सीईओ) राजनबाबु श्रेष्ठ अर्थमन्त्रीको आश्वासनले निजी क्षेत्रको मनोबल बढाउने बताए ।

'अर्थमन्त्रीले यसरी फिल्डमै उत्रेर व्यवसायीले खेप्नुपरेको समस्या नजिकबाट हेर्दा व्यापारिक क्षेत्रलाई कन्फिडेन्ट दिन्छ । राम्रो म्यासेज जान्छ,' श्रेष्ठले भने, 'उहाँले शोरुम अवलोकनका साथै व्यवसायीलाई दिएको आश्वासनले सरकार निजी क्षेत्रको साथमा भएको अभास दिएको छ ।'

हुन्डाई गाडीको आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलका निर्देशक निराकर श्रेष्ठले अर्थमन्त्रीको आश्वासनलाई आफूले निजी क्षेत्र अप्ठेरोमा पर्दा सरकारले साथ दिन्छ भन्ने रुपमा लिएको बताए ।

'अर्थमन्त्रीको जिम्मेवारी सम्हालेको २४ घन्टा नहुँदै उहाँ क्षतिग्रस्त शोरुम अवलोकन गर्न आउनुभयो । यो भनेको सरकार व्यवसायीको समस्यामा गम्भीर छ भन्ने हो,' उनले भने, 'यसले हामी व्यवसायीहरुलाई लगानी गर्न प्रोत्साहित गरेको छ ।'

व्यवसायीहरुले क्षतिग्रस्त शोरुम बनाउने प्रक्रिया अगाडि बढाइसकेका छन् ।

अर्थमन्त्री भाटभटेनीमा

अर्थमन्त्री खनाल गाडीका शोरुम अवलोकनपछि भाटभटेनी सुपरमार्केटको कोटेश्वरस्थित क्षतिग्रस्त स्टोरमा पुगेका छन् । उनलाई भाटभटेनी सुपरमार्केटका अध्यक्ष मीनबहादुर गुरुङले क्षतिबारे जानकारी गराएका छन् ।

रामेश्वर खनाल र मीनबहादुर गुरुङ

जेनजीको नाममा भएको आन्दोलनका क्रममा भाटभटेनी सुपरमार्केटका १२ वटा स्टोरमा तोडफोड र आगजनी तथा थप ९ वटा स्टोरमा लुटपाट भएको थियो ।

भाटभटेनीका अध्यक्ष गुरुङले अर्थमन्त्रीले आफ्नो क्षतिग्रस्त स्टोर अवलोकन गर्दा आफूहरुलाई हौसला मिलेको बताए । 'अर्थमन्त्री रामेश्वर खनालज्यू आगजनीबाट प्रभावित हाम्रो कोटेश्वर शाखा अवलोकन गर्न आउनुभयो । उहाँको उपस्थितिले हामीलाई दृढता र हौसला मिलेको छ, जसले हामीलाई अझ सबल भएर अघि बढ्न प्रेरित गरेको छ,' गुरुङले भने, 'भौतिक संरचना भत्किन सक्छ, तर भाटभटेनीको आत्मा कहिल्यै टुट्दैन । हामी अझ सबल भएर पुनर्निर्माण गर्नेछौं र नेपाली जनताको सेवामा निरन्तर प्रतिबद्ध रहनेछौं ।'

**क्षतिग्रस्त भाटभटेनी सुपरमार्केट सफाई गरिंदै**

अराजक समूहले चौधरी ग्रुपको कारखानादेखि विभिन्न होटल र अरु व्यावसायिक प्रतिष्ठानलाई पनि खरानी बनाइएको थियो । त्यही कारण निजी क्षेत्र सरकार र राष्ट्र बैंकसँग मनोबल उकास्ने कार्यक्रम ल्याउन माग गरेको छ ।

# सिटिजन्स क्यापिटल लिमिटेडको १९ औं वार्षिक साधारण सभा सम्पन्न




**काठमाडौं–** सेप्टेम्बर १८, २०२५ मा सिटिजन्स क्यापिटल लिमिटेडको १९औं सिपिटल लिमिटेडको १९ औं वार्षिक साधारण सभा सम्पन्नटिजन्स क्या साधारण सभा कम्पनीको रजिर्ष्टड कार्यालय, बाटुलेघर, डिल्लीबजार, काठमाडौंमा सम्पन्न भएको छ ।

संस्थाको १९ औं साधारण सभाले आ.व.२०८१-८२ को मुनाफाबाट १६.००% नगद लाभांश बाड्ने प्रस्ताव पारित गरेको छ । वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तुत गरिएका प्रस्तावहरुमा आ.व. २०८१/८२ को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सानीको हिसाब, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु पारित गरेको छ ।

साथै, आ.व. २०८२/८३ को लागि लेखापरीक्षण कार्य गर्नका लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गरेको छ । नेपाल धितोपत्र बोर्डबाट सामुहिक लगानी कोषको व्यवस्थापन, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक, लगानी व्यवस्थापन (पोर्टफोलियो म्यानेजमेन्ट), संस्थागत परामर्श सेवा धितोपत्र प्रत्याभूतिकर्ता (अण्डर राइटर), शेयर रजिष्ट्रार तथा डि-म्याट खाता जस्ता लगानीकर्ताहरुसँग प्रत्यक्ष सरोकारका कामहरु गर्न अनुमति प्राप्त भएको सिटिजन्स क्यापिटल लिमिटेड सिटिजन्स बैंकको सहायक कम्पनी रहेको र यो कम्पनीमा कर्मचारी संचय कोष तथा प्रतिष्ठित उद्योगी व्यवसायीहरुको सह-लगानी रहेको छ ।

काठमाडौं डिल्लीबजार स्थित बाटुलेघरमा संस्थाको रजिष्ट्रर कार्यालय रहेको छ । सिटिजन्स क्यापिटल लिमिटेडमा अध्यक्ष राजेन्द्र लाल श्रेष्ठ तथा प्रमुख कार्यकारी अधिकृत सबिर बादे श्रेष्ठ रहेका छन् । काठमाडौं बाहिरका लगानीकर्ताहरुले पूँजीबजारमा प्रत्यक्ष रुपमा सहभागी भई लगानी गर्न समस्या रहेको हालको परिस्थितिमा संस्थाले लगानी व्यवस्थापक (पोर्टफोलियो म्यानेजर) को सेवा सिटिजन्स बैंकका देशभरीका सम्पूर्ण शाखा कार्यालयहरुबाट प्रदान गरी इच्छुक लगानीकर्ताहरुलाई संस्थाको विज्ञ तथा अनुभवी व्यवस्थापन समुहबाट सेवा प्रदान गर्दै आएको छ ।

# सरकारी कार्यालयका दुई हजारभन्दा बढी सवारीसाधन नष्ट

**काठमाडौं–** जेनजी आन्दोलनका क्रममा काठमाडौंमा मात्र करिब दुई हजार सरकारी सवारीसाधन ध्वस्त भएको छ । सिंहदरबार भित्र र बाहिरका विभिन्न कार्यालय गरी ८०० भन्दा बढी गाडी र १ हजार १ सय ५० वटा दुई पाङ्गे सवारीसाधन जलाइएका हुन् । तोडफोड गरिएका सवारीसाधनको संख्या पनि उल्लेख्य छ ।

सबैभन्दा धेरै सर्वोच्च अदालत, सडक विभाग, प्रधानमन्त्री कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र वन तथा वातावरण मन्त्रालयको पार्किङमा रहेका सवारीसाधनलाई खरानी बनाइएको छ । यसबाहेक प्रदेश, स्थानीय तहका कार्यालय र प्रहरी कार्यालयमा रहेका सवारीसाधन पनि जलाइएको छ ।

सिंहदरबारभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय परिसरमा १२१ सवारीसाधन ध्वस्त पारिएका छन्, जसमा साना गाडी र बस लगायत चार पांग्रेको संख्या ४७ छ । अर्थमा ३६ र गृहमन्त्रालय परिसरमा ३६ चारपांग्रे अब कबाडीमा बेच्नुपर्ने गरि क्षतिग्रस्त भएका छन् ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी उपरीक्षक दीपक गिरीले प्रहरी चौकीमा रहेका सबैजसो सवारीसाधन जलेर नष्ट भएको बताए ।

निजी क्षेत्रतर्फ थापाथलीस्थित शोरुम, भाटभटेनी सुपरस्टोर, एनसेल, हिल्टन होटल, कान्तिपुर पत्रिका र टेलिभजन लगायतमा आगजनी गरेर ठूलो संख्यामा सवारीसाधन जलाइएको छ ।

सरकारी कार्यालयहरु जलेर नष्ट भएका र तोडफोड भएका गाडीको विवरणसहित मुचुल्का तयार पार्नतिर लागेका छन् । तर, सवारीसाधनको मोटर बीमा



नगरिएका कारण क्षति सरकारले नै बेहोर्नंपर्ने भएको छ ।

अर्थ मन्त्रालयका सहसचिव टंकप्रसाद पाण्डेयले सरकारी सवारीसाधनको बीमा नगरिएका कारण ठूलो नोक्सानी व्योहोर्नंपर्ने अवस्था आएको बताए ।

'सरकारी कार्यालयका सवारीसाधनको मोटर बीमा गरिएको छैन । बीमाका लागि बजेट छुट्याउने गरिएकै छैन । यसको प्रिमियम धेरै लाग्ने भएकाले मोटर बीमा नगरेको देखिन्छ । तर थर्ड पार्टी बीमा भने गरिएको छ । जसले क्षतिको भरपाइ गर्दैन,' उनले भने ।

निजी क्षेत्रको हकमा मोटर बीमाले कुनै समस्या छैन । बीमा कम्पनीहरुले दाबी भुक्तानीका लागि क्षतिको मूल्यांकन गराउन थालिसकेका छन् । सडक विभागमा मात्रै ७० भन्दा बढी गाडी र १०० वटाभन्दा बढी बाइक तथा स्कुटर जलेर नष्ट भएका छन् ।

चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,

- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नवोकौं र नचढौं,
- आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,

दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि :
प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौं, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार